
# लेखापरीक्षण प्रतिवेदन

# नौमुले गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# नौमुले गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/673

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

नौमुले गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दैलेख।

**कैफियतसहितको राय**

हामीले नौमुले गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड ५३ लाख २८ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३ करोड ५२ लाख १९ हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको ४ लाख १५ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.३० लाख ७२ हजार समेत रु. १२ करोड ४० लाख ३४ हजार समावेश गरेको छैन ।

२.गाउँपालिकाको रु.१ अर्व १६ करोड १६ लाख ८१ हजारको लेखापरीक्षण गरिएकोमा रु. ६ करोड ८ लाख ४१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु. ५० हजार फस्र्यौट भई बाँकी बेरुजु रु. ६ करोड ७ लाख ९१ हजार मध्ये असुल गर्नुपर्ने रु.२० लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.३ करोड ३७ लाख ४३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ९८ लाख ९६ हजार र पेस्की बाँकी रु.५१ लाख ५० हजार रहेको छ।गत वर्षसम्म रु. ३२ करोड ४७ लाख ८१ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष रु. २१ लाख ९७ हजार फस्र्यौट भई हालसम्मको अद्यावधिक बेरुजू रु.३८ करोड ३३ लाख ७५ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.गाउँपालिकाको वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरुमा सम्पती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, समंझौता बमोजिम निर्माण कार्य समयमै सम्पन्न नभई अधुरो रहेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत

आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

### चालु आर्थिक वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | साेधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६३ | ८७ | ६,०८,४०,५३८ | ० | ३ | ४९,६०० | ० | ६३ | ८४ | ६,०७,९०,९३८ | २०,०२,३२५ | १,९८,९५,५९७ | ३,३७,४३,०१६ | ० | ० | ५,३६,३८,६१३ | ५१,५०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दैलेख | ३२,४७,८०,९९२ | ० | २१,९६,७२७ | ३२,२५,८४,२६५ | ० | ६,०७,९०,९३८ | ३८,३३,७५,२०३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३८ | सहभागी भत्ता | ३४,००० |
| २ | २०८०/८१ | ६४.३ | शिक्षातर्फ | १५,६०० |
| ३ | २०७९/८० | विभिन्न | प्रशिक्षण भत्ताः | ६,३७५ |
| ४ | २०७९/८० | विभिन्न | पदाधिकारी बैठक भत्ता | १९,१२५ |
| ५ | २०७९/८० | १०७.१ | भ्रमण खर्च | १२,८४५ |
| ६ | २०७७/७८ | विभिन्न | दिवा खाजा कार्यक्रम | २१,५८,३८२ |
| जम्मा | | | | २२,४६,३२७ |

# (८०६६७५०४३०० - नौमुले गाउँपालिका, दैलेख )

# परिचय

१ .

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नौमुले पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, २२८.८९ वर्ग किलोमिटर क्षेत्रफल र १९ हजार ६८७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।३ देखि २०८१ ।८।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १,१६,१६,८१,१०१।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४१९५२१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| असुलीको विवरण | रकम | दाखिला भएको कोष |
|---|---|---|
| मेडिकल अधिकृतको दोहोरो तलव भुक्तानी | ८०९६२ | स्थानीय संचितकोष |
| बैठक भत्ता | १०४४५० | स्थानीय संचितकोष |
| भ्रमण खर्चतर्फ बढी भुक्तानी | ५८३८१ | स्थानीय संचितकोष |
| अन्य विभिन्न बढी भुक्तानी | ६७९९३ | स्थानीय संचितकोष |
| पोषण कार्यक्रममा बढी भुक्तानी र पोषण कोसेलीमा बढी भुक्तानी | १०७७३५ | संघीय संचित कोष |
| **जम्मा** | **४१९५२१** | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) देहायबमोजिम छ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| **क्र.स./ सङ्केत** | **विवरण** | **चालु आ.व.को कारोवार** | **गत आ.व.को कारोवार** |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ८२३९२७७८ | -५८५७२२४७ |
| १३००० | अनुदान | ३५०३८९२५३ | ४००९३४९०३ |
| १४००० | अन्य राजस्व | १८०६८७० | ४७४३४०२३ |
| क | **कुल जम्मा प्राप्ति** | **४३४५८८९००** | **३८९७९६६७९** |
| ३ | चालु | ३५२८९८५१८ | ३५४७२६५९२ |
| २१००० | पारिश्रमिक / सुविधा | १०९५६३२२४ | ९७६६४५८८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६१५७७६८४ | ७८५२३८१७ |
| २५००० | सहायता (Subsidy) | १५८२१३४९६ | १५३४६२९८७ |
| २७००० | सामाजिक सुरक्षा | ६१६३३८८ | ५३२५७६४ |
| २८००० | अन्य खर्च | १७३८०७२७ | १९७४९४३५ |
| ४ | पूंजीगत | ९६७९००२० | १३०४९०९३२ |
| ३१११० | भवन तथा संरचना | ९९२२७६३ | ४८४४११ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १७७५७९३ | १४०४४४८ |
| ३११३० | अन्य पूँजीगत खर्च | १७३१४० | ५९०५५० |
| ३११५० | सार्वजनिक निर्माण | ८४९१८३२५ | १२३४१९३६३ |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ० | ४५९२१६० |
| ख) | **कुल जम्मा भुक्तानी** | **४४९६८८५३९** | **४८५२१७५२४** |
| ग) | **बचत /कमी (ग = क-ख )** | -१५०९९६३९ | -९५४२०८४५ |
| घ) | **धरौटी लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | -२६१८०२९ | ५७६११६४ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | -१८७५ | -५३८७१५ |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | -१७७१७६६८ | -८९६५९६८१ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ६०९०२९९६ | १५०५६२६७७ |
| छ) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च)** | **४३१८५३२८** | **६०९०२९९६** |

२.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाको प्राप्ती र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदनमा संघ र प्रदेशवाट प्राप्त निम्नानुसारको आम्दानी र खर्च समावेश भएको देखिएन । जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| शिर्षकको नाम | बजेट | निकासा खर्च |
|---|---|---|
| कोष तथा लेखा नियनत्रक कार्यालयबाट प्राप्त | | |
| सामाजिक सुरक्षा तथा संरक्षण | ८५९०९००० | ८५३२८२९४ |
| गरिवसंग विश्वेवर कार्यक्रम | ४१५००० | ४१५००० |
| एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ६९२२२००० | ३५२१९००५ |
| **जम्मा** | **१५५५४६०००** | **१२०९६२२९९** |
| प्रदेश लेखा ईकाइ कार्यालबाट प्राप्त | | |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३०७२००० | ३०७२००० |
| जम्मा | ३०७२००० | ३०७२००० |
| **कूल जम्मा** | **१५८६१८०००** | **१२४०३४२९९** |

२.२ **फरक हिसाव :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी, यस वर्षको प्राप्ति, यस वर्षको भुक्तानी र बाँकी मौज्दात फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आय व्यय विवरण अनुसार | ६२५९३७७५ | ५७५७१३७०० | ५८५९६७४०१ | ५२३४००७४ |
| सुत्र (म.ले.प.फा.नं. २७०) को विवरण अनुसार | ६०९०२९९६ | ४३४५८८९०० | ४४९६८८५३९ | ४३१८५३२८ |
| **फरक** | **१६९०७७९** | **१४११२३८००** | **१३६२७८८६२** | **९१५४७४६** |

२.३ **अन्य कोषतर्फ :** पालिकाको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा धरौटी, प्रकोप व्यवस्थान कोष र विविध खर्च खाता तर्फको आम्दानी रु. ९६,२६,५३४.१४ र खर्च रु. १,२२,४४,५६३।- समावेश भएको छैन । पालिकाले धरौटी, विविध खर्च र अन्य कोषतर्फको आम्दान र खर्च समेतलाई समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । पालिकाको गत बर्षको लेखापरीक्षणको अन्तिम प्रतिवेदन अनुसार अन्तिम बैंक मौज्दात रु. २०,६३,२७,३१०।- रहेकोमा प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार यो वर्षको शुरु मौज्दात रु. ६,०९,०२,९९६।- मात्र जिम्मेवारी सारेको देखिएकोले रु. १४,५४,२४,३२४।- घटी जिम्मेवारी सारेको देखिन्छ । त्यस्तै पालिकाले पेश गरेको एकिकृत आय व्ययमा रु. ६,२५,९३,७७५।- मात्र गत बर्षको जिम्मेवारी सारेको र उक्त जिम्मेवारी बैंक मौज्दात बमोजिम भएको पालिकाले जनाएको छ । पालिकाले गत वर्षको मौज्दात घटी सारेको सम्वन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

## ३ बैङ्क हिसाब विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम पालिकाले मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले हिसाब मिलान विवरण तयार गरेको देखिएन । पालिकाले पेश

गरेको स्रेस्ता र वैंक वीच देहाय अनुसारको रु. ६६,१२,५०३।-फरक परेको देखिन्छ । फरक रकम मध्ये धरौटी, प्रकोप र विविध खर्च खातामा स्रेस्ता भन्दा बैंकमा मौज्दात कम देखिएकोले स्रेस्ता र बैंक विच फरक परेको रु. ६६,१२,५०३।- को हिसाव मिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **खाता** | **स्रेस्ता अनुसार वर्षान्तको मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३९३१३२९८.१४ | १८०४९१५७.१४ | (२१२६४१४१) |
| चालु खर्च खाता | (३१८७८८७.१५) | २१७८४९४.९७ | ५३६६३८२.१२ |
| पुँजीगत खर्च खाता | (५४२२०) | २०९७५८१०.६५ | २१०३००३०.६५ |
| आन्तरिक राजस्व खाता | १४१९४ | २६०३८४१.८९ | २५८९६४७.८९ |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १९३९८ | १५००० | (४३९८) |
| स्थानीय तह विविध कोष खाता | ३७५७७६७.२२ | २७९८९४८.३० | (९५८८१८.९२) |
| स्थानीय तह धरौटी खाता | ३३२२७७७.९२ | ३१७६५७८.९२ | (१४६१९९) |
| **जम्मा** | **४३१८५३२८.१३** | **४९७९७८३१.८७** | **६६१२५०३.७४** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,१२,५०३ |

४ **संचितकोषमा स्थान्तरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम स्थानीय तहको संचितकोषमा स्थान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्षको समाप्त पश्चात पनि देहायबमोजिमको खातामा रहेको रकम संचितकोषमा स्थान्तरण नगरी आर्थिक बर्ष २०८१।८२ मा मात्र गरेको देखियो । पालिकाले आर्थिक बर्ष समाप्त भए पश्चात अन्य खातामा बाँकी रहेको रकम असार मसान्त भित्रै संचितकोषमा स्थान्तरण गर्नुपर्दछ ।

| खाताको विवरण | मौज्दात रकम (बर्षान्तको बैंक मौज्दात विवरण अनुसार) |
|---|---|
| चालु खर्च खाता | २१७८४९४.९७ |
| पुँजीगत खर्च खाता | २०९७५८१०.६५ |
| आन्तरिक राजस्व खाता | २६०३८४१.८९ |
| **जम्मा** | **२५७५८१४७.५१** |

५ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय हस्तान्तरणको बजेट, खर्च, बाँकी र फिर्ताको विवरण अनुसार खर्च नभई बाँकी रहेको निम्नानुसार रकम संघीय र प्रदेश संचितकोषमा फिर्ता भएको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| संघिय सरकार | शसर्त | २४८३७३३६२.५० | २२८२८२९८४.२० | २००९०९७८.३० |
| | विषेश | ५४०८२९१ | ५४०८२९१ | ० |
| | समपुरक | २०४०८४९ | २०४०८४९ | ० |
| **जम्मा** | | **२५५८२२५०२.५०** | **२३५७३२९२४.२०** | **२००९०९७८.३०** |
| प्रदेश सरकार | शसर्त | १८३९०००० | १८२०११२८ | १८८८७२ |
| | समपुरक | ५७८३६०२ | ५७८३६०२ | ० |
| **जम्मा** | | **२४१७३६०२** | **२३९८४७३०** | **१८८८७२** |
| **कुल जम्मा** | | **२७९९९६१०४.५०** | **२५९७१६८५४.२०** | **२०२७९८५०.३०** |

६ **बजेट पेश पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु. ५४ करोड ५७ लाख ४६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२५ मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ **अवण्डा वजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार खर्च शिर्षकमा रु. ३६,००,०००।- अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको बिभिन्न मितिको निर्णयबाट खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रकम |
|---|---|---|
| १ | पशु सेवा कार्यक्रम | १०००००० |
| २ | महिला विकास कार्यक्रम | ५००००० |
| ३ | खेलकुद विकास कार्यक्रम | १०००००० |
| ४ | आयुर्वेद कार्यक्रम | ५००००० |
| ५ | वडा नं. २ विविध कार्यक्रम तथा सडक निर्माण | ६००००० |
| **जम्मा** | | **३६०००००** |

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १६३६०००० | १३३५८९४६ | ८१.६६ |
| २ | सामाजिक विकास | २५५९६५२६० | २३१८६११८२ | ९०.५८ |
| ३ | पूर्वाधार विकास | १०८८६१३२२ | ७२८७२९२५ | ६६.९४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १०४००००० | ८८४२८०६ | ८५.०३ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १५०४६०३५६ | १२२७५२६७८ | ८१.५८ |
| **जम्मा** | | **५४२०४६९३८** | **४४९६८८५३८** | ८२.९६ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विका क्षेत्रमा सबैभन्दा बढी ९०.५८ प्रतिशत र सबै भन्दा कम पुर्वाधार विकास क्षेत्रमा ६६.९४ प्रतिशत खर्च भएको छ । पालिकाले अन्य क्षेत्र भन्दा पुर्वाधार विकासको क्षेत्रमा बढी बजेट विनियोजन गरी खर्च गर्ने व्यबस्था गर्नुपर्दछ ।

९ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बार्षिक वजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजिगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्ने सकिने व्यवस्था छ । पालिकाको सुत्र प्रणालीबाट प्राप्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमा कार्यपालिकाको निर्णय अनुसार विभिन्न १९ शिर्षकमा वजेट घटाइ विभिन्न २१ शिर्षकमा वजेट बढाई रु. १ करोड ५५ लाख १७ हजार रकमान्तर गरेको छ । कार्यपालिकाको पटक पटकको निर्णय अनुसार सभाले पारित गरेको कार्यक्रम नगरी रकमान्तर गर्ने, श्रोतान्तर गर्ने, योजना परिवर्तन गर्ने तथा योजनामा छुट्याईएको रकम सम्बन्धित योजना कार्यान्वयन नगरी सोही योजनाको नामबाट बजेट खर्च लेखि अन्य योजना तथा कार्यक्रम गर्ने गरेको देखियो । सभाले स्वीकृत गरेको कार्यक्रम परिवर्तन गर्ने पटके निर्णयवाट रकमान्तर र श्रोतान्तर गर्ने तथा एक योजनामा छुट्टयाईएको बजेट सोही योजनाको नामवाट बजेट खर्च लेखि अन्य योजना कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१० **खर्च बिश्लेषण**

पालिकाले यसबर्ष आन्तरिक आयबाट रु. २४ लाख ६० हजार, राजस्व बाँडफाँटबाट रु. ८ करोड ७ लाख ४९ हजार र अनुदानबाट रु. ३५ करोड ३ लाख ८९ हजार समेत रु. ४३ करोड ३५ लाख ९८ हजार आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. ३५ करोड २८ लाख ९८ हजार र पूँजिगत तर्फ रु. ९ करोड ६७ लाख ९० समेत कुल रु. ४४ करोड ९६ लाख ८८ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५५ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. १ करोड २ लाख ७४ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३१७.६४ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७८.४८ प्रतिशत चालु र २१.५२ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत

क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १२ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (हजारमा) | | | | असार महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजिगत खर्चतर्फ | ९६७९० | ० | ३७४० | २३२३७ | ६९८१३ | ५००४४ |
| **प्रतिशत** | **१००** | **०** | **३.८६** | **२४.०१** | **७२.१३** | **५१.७** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौथो त्रैमासिकमा कुल पुँजिगत खर्चको ७२.१३ प्रतिशत र असार महिनामा मात्र ५१.७० प्रतिशत खर्च भएको देखिन्छ ।पालिकाले अन्तिम त्रैमासिक अर्थात आर्थिक बर्षको अन्तमा मात्र पुँजिगत खर्च गर्ने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ ।

## १३ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा पालिकास्तरीय निम्नानुसार कुल ५९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका | रु.५ लाख देखि २० लाख सम्म | रु.५लाख भन्दा कम |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५९ | ९ | ११ | ३९ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथी विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आईपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेखराखेको छैन ।
- पालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्य मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन र भ्रमण अभिलेख खाता पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २४लाख ३७ हजार खर्च लेखेकोमा कतिपय भुक्तानीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन साथै भ्रमण उपलब्धिको मूल्याङ्कन समेत गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ६ लाख ७८ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भर्पाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थतथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- पालिकाले बार्षिक खरिद योजना तयार गरेको पाइएन ।
- ८ वडा कार्यालय मध्ये ५ वडा कार्यालयको वडा सचिवको पदपुर्ति भएको पाइएन ।
- पालिकाले कट्टी गरेको अग्रिम कर लगायतका अन्य कर समयमै दाखिला गरेको पाइएन ।
- पालिकाले सम्भव भए सम्म सोझै खरिद कार्यलाई नियन्त्रण गरी प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्नुपर्नेमा सो गरो पाइएन ।
- पालिकाले पालिका अन्तर्गत संचालनमा रहेको स्वास्थ्य केन्द्रको आम्दानीलाई आफ्नो आयमा समावेश गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**१५ सेवाप्रवाहको स्थिति**

पालिकाबाट यो वर्ष जन्म दर्ता ६८९ वटा, मृत्यु दर्ता २२३ वटा, बसाइँसराइ १५० वटा, विवाह दर्ता २६५ वटा र सम्बन्ध विच्छेद १५ वटा गरेको विवरण प्राप्त भएको छ । पालिकाले सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

**१६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख

राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## १७ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १८ सहकारी संस्थाको नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाबाट आफ्नो कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाको विवरण प्राप्त नभएकोले सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरे नगरेको र नविकरण भए नभएको एकिन गर्न सकिएन । पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका सहकारीको अद्यावधिक विवरण तयार गरी दर्ता भएका सहकारी संस्था निस्कृय रहेमा त्यस्ता संस्थाको कारोबार तथा दायित्वको सुक्ष्म मूल्याङ्कन गरेर नागरिकको पुँजी तथा बचत सुरक्षा गर्न अनुगमन गरी आवश्यक परेमा कानून बमोजिमको कारवाही प्रकृया अगाडी बढाई ऐनमा भएका प्रावधान लागू गराउनेतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ।

## १९ सार्वजनिक सम्पत्तिको रेखदेख

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

## २० कानून निर्माण

सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ ।पालिकाले हाल सम्म स्वीकृत गरी कार्यान्वियनमा ल्याएका कानूनहरुको विवरण प्राप्त हुन आएन । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले कानुन कार्यान्वियन गर्नु पर्दछ ।

## २१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार न्यायिक समितिमा यवर्ष २० वटा मुद्दा दर्ता भएकोमा १६ फछ्र्यौट भइ ४ वटा फछ्र्यौट गर्न बाँकी रहेको देखिन्छ ।पालिकाले दर्ता भएका मुद्दाको समयमै फछ्र्यौट गर्नुका साथै ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

## २२ ऐनको कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा पालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा पालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले कतिपय कार्यक्रम सभाबाट स्वीकृत भन्दा कार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।पालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको

सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट सभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन।पालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

२३ **करार कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक निम्नानुसार पदमा कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको पाइयो।ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी तलव भत्ता भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नियुक्ति संख्या | तलब भत्ता रु. |
|---|---|---|
| मेडिकल अधिकृत | १ | १२२८४२५ |
| ईन्जिनियर | १ | ५६७९५७ |
| सव.ईन्जिनियर | २ | ८५५४५२ |
| अ.सव.ईन्जिनियर | २ | ९०२९८० |
| सामाजिक परिचालक | ७ | ७८४००० |
| कार्यालय सहायक | १ | ४३७७२६ |
| सहायक चौथो | १० | ३५७०९०४ |
| अ.न.मी | १० | २९९०००० |
| अ.हे.व. | १ | २९९००० |
| ल्या. असिष्टेण्ट | १ | २९९००० |
| कम्प्युटर अपरेटर | १ | ३२२००० |
| **जम्मा** | | **१२२५७४४४** |

| | |
|---|---|
| अनियमित भएको | १,२२,५७,४४४ |

२४ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत पालिकाका २४ जना कर्मचारीहरुको रु.१,९९,७४,९२६।- खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

२५ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको छैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

२६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा विभिन्न कर तथा शुल्क उठाउने व्यवस्था रहेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

२६.१ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाबाट प्राप्त सुत्रको विवरण अनुसार यस वर्ष बिभिन्न शिर्षकमा गरेको असूलीको अवस्था निम्नानुसार छ ।

| आय शिर्षक संख्या | असुली |
|---|---|
| २० | २४६०७७८ |
| **जम्मा** | |

पालिकाको सुत्रको आन्तरिक राजस्वको आम्दानीको प्रतिवेदन अनुसार यस बर्ष रु. २४ लाख ६० हजार राजस्व आम्दानी गरेको देखिएकोमा पालिकाले राजस्वको शिर्षकगत आय अनुमान गरेको देखिएन । पालिकाले शिर्षकगत आय अनुमान गरेको नदेखिएकोले पालिकाले गरेको आय अनुमान यथार्थ परक छ भन्न सक्ने अवस्था देखिएन । पालिकाले आयको यथार्थ परक अनुमान गरी आन्तरिक आय बढाउनेतर्फ ध्यान दिनुपर्दछ

२६.२ **रसिद नियन्त्रण खाता :** पालिकाले राजस्व आम्दानीको लागि महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राजस्व आम्दानीको लागि प्रयोग गरिने नगदि रसिद नियन्त्रण खाता (म.ले.प.फा.नं. ९०४) तयार गरेको देखिएन । पालिकाले रसिद नियन्त्रण खाता तयार नगरेका कारण गत वर्षको नगदि रसिदको ठेली, यस बर्षको खरिद गरेको ठेलीको आम्दानी खर्च र बाँकी ठेलीको संख्या एकिन गर्न सकिएन । पालिकाले रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ ।

२६.३ **राजस्व असुली :** पालिकाको आर्थिक ऐन, २०८० मा सवारी साधन कर, व्यवसाय कर, मनोरन्जन कर, विज्ञापन कर, पार्किङ शुल्क, पर्यटन शुल्क लगायतका कर तथा शुल्क असुल गरिने उल्लेख भएकोमा उल्लेखित कतिपय शिर्षकमा कर तथा शुल्क असुल भएको देखिएन भने केही शिर्षकमा न्यून कर तथा शुल्क प्राप्त गरेको देखियो । पालिकाले आर्थिक ऐनमा उल्लेख भए बमोजिमका कर तथा शुल्क असुल गरि आन्तरिक राजस्व बृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२६.४ **राजस्वः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजस्व आम्दानी गर्ने प्रत्येक सार्वजनिक निकायले करदातावाट बैंकमा जम्मा हुन आएको बैंक भौचर र नगद प्राप्त भएको आम्दानी रकमको विवरण छुट्टा छट्टै खातामा प्रविष्टी गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा लेखा राख्नु पर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५९ मा कार्यालयले नियम ५८ बमोजिम राजस्वको आम्दानी जनाउदा जुनसूकै माध्यमवाट प्राप्त भएतापनी त्यस्तो राजस्व आम्दानी र दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय र पालिकावाट नगद र वैंक मार्फत राजस्व प्राप्त गर्ने गरेकोमा ऐन नियममा भएको व्यवस्था बमोजिम सेवाग्राहिले बैक दाखिला गरेको रकमको बैंक भौचर र सेवा ग्राहिबाट नगद प्राप्त गरेको रकम बैंक दाखिला गरेको बैंक भौचर गोश्वरा भौचरसाथ संलग्न गरी राख्नु पर्नेमा गोश्वरा भौचर तयारी गरी गोश्वरा भौचर साथ सवै दाखिला भौचर संलग्न गरी राखेको देखिएन । जसबाट पालिकाले प्राप्त गरेको सम्पुर्ण राजस्व रकम दाखिला भए नभएको, प्राप्त हुनुपर्ने राजस्व प्राप्त भए नभएको र पालिकाले आम्दानी देखाएको राजस्व रकम के वापत कसले बुझाएको हो भनेर एकिन गर्न सकिने अवस्था देखिएन । अत पालिकाले जुनसूकै माध्यमवाट प्राप्त भएको राजस्व आम्दानी र दाखिलाको गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्वको लेखा अद्यावधिक गर्नुपर्दछ

२६.५ **आम्दानी फरक :** पालिकाको सुत्रबाट प्राप्त राजस्व आम्दानीको विवरणमा रु. २४,६०,७८।- आम्दानी देखिएकोमा बैंक स्टेटमेन्ट अनुसार भने रु. २६,५०,८९०।- दाखिला भएको देखिन्छ जस अनुसार पालिकाले आम्दानी भएको सवै राजस्वको सुत्रमा आम्दानी

बाँधेको देखिएन ।पालिकाले असुली भएको सबै राजस्वको सुत्रमा आम्दानी बाँधी राजस्व आम्दानीको अभिलेख यथार्थपरक वनाउनुपर्दछ ।

२७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २६ जना पदपूर्ती भएको देखिन्छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, कृषि अधिकृत, पशुपन्छी अधिकृत,प्रशासन सहायक, कम्प्युटर अपरेटर सहित पदहरु रिक्त रहेका छन् ।रिक्त पदहरु पदपुर्ती हुनुपर्दछ।

२८ **पदाधिकारी सुविधा**

**सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७७ जारी गरेको छ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट आ.व. २०८०/८१ मा रु.१,०२,७४,४३८।- पदाधिकारी सुविधामा खर्च भएको छ।

२९ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ।पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी कर्मचारीको नाममा रकम भुक्तानी लिई विभिन्न व्यक्तिहरुलाई रु.७ लाख ५५ हजार भरपाई गराई आर्थिक सहायता वितरण गरेको छ। मापदण्ड र कार्यविधि तथार गरेर मात्र सम्बन्धित व्यक्तिको खातामा आर्थिक सहायता दिनु पर्दछ।

३० **ईन्धन खर्च**

कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खर्च गर्नुपर्दछ। कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका लागि रु.१०,५५,१२७।- र पदाधिकारीको सुविधाको लागि रु.२,००,०००।- समेत जम्मा रु.१२,५५,१२७।- ईन्धनमा खर्च गरेको पाईयो।कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति ईन्धन उपलब्ध गराएको, कुन प्रयोजनको लागि प्रयोग भएको सवारीसाधनलाई ईन्धन उपलव्ध गराएको हो सोको सम्पूर्ण विवरण खुल्ने लगबुक लगायतका विवरण आंशिक रुपमा मात्र खुलाएर अभिलेख राखेकोले खर्चको सदुपयोग कार्यालयको कार्यमामात्र भएको भन्ने अवस्था देखिदैन। पालिकाले ईन्धन खर्चको व्यवस्थित अभिलेख राखी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

३१ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले यस वर्ष विविध खर्चतर्फ मात्र रु.६,७८,५३२।- खर्च गरेको छ। पालिकाले विविध खर्चको मापदण्ड तयार गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३२ **श्रेस्ता पेश नभएको** (६४३-२०८१-३-२२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था छ। पालिकाले कर्णालि प्रदेश स्तरिय महिला भलिवल प्रतियोगिताको लागि गोपाल बहादुर बुढा लाई रु. ७,५०,०००।- भुक्तानी दिएकोमा लेखापरिक्षणमा श्रेस्ता पेश नभएकोले सोको श्रेस्ता पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५०,००० |

३३ **शिर्षक फरक पारि खर्च लेखेको** (६६३-२०८१-३-२३):

आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शिर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले अन्य सेवा शुल्क शिर्षकबाट मसलन्द तथा कार्यालय सामाग्रीमा शिर्षक फरक पारी खर्च लेखेको हुँदा उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| भुक्तानी पाउने फर्म | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|
| कला इन्टरप्राइजेज एण्ड अर्डर सप्लायर्स | अन्य सेवा शुल्क | ४२२९८६ |
| मा मनकामना इन्टरप्राइजेज एण्ड अर्डर सप्लायर्स | अन्य सेवा शुल्क | ५५७६२३ |
| भेरि कर्णाली अटो पार्ट्स | अन्य सेवा शुल्क | २९५६९८ |
| **जम्मा** | | **१२७६३०७** |

| | |
|---|---|
| अनियमित भएको | १२,७६,३०७ |

३४ **अनुत्पादक खर्च**

पालिकाले आफ्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पूर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा पालिकाले वितरणमुखी कार्यक्रममा वजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाले यसरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट प्रतिफल प्राप्त हुने नदेखिएकोले यस्तो प्रकृतिको अनुत्पादक खर्चलाई नियन्त्रण गर्नुपर्दछ । यस सम्वन्धि केही उदाहरण निम्नानुसार छन।

| **गो.भौ.नं.।मिति** | **भुक्तानी पाउने** | **कार्यक्रम** | **रकम** |
|---|---|---|---|
| २२३।०८०।१२।१२ | नेपाल मगर संघ | सांस्कृतिक कार्यक्रम संचालन | ४१०००० |
| ४२२।०८१।३।७ | समाज सेवा सांस्कृतिक युवा क्लब | सांस्कृतिक कार्यक्रम संचालन | २००००० |

३५ **प्रमाण पेश नभएको** (३७३-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले निम्नानुसारको उद्देश्य, प्रयोजन तथा खर्च पुष्टि हुने आधार पेश नगरी विभिन्न विल मात्र राखि भुक्तानी गरेकोले खर्च पुष्टि हुने आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| क्र.सं. | भुक्तानी पाउने | रकम |
|---|---|---|
| १. | प्राथमिक स्वास्थ्य केन्द्र,नौमुले | ३०००० |
| २. | स्वास्थ्य चौकी, तोली | ३०००० |
| ३. | स्वास्थ्य चौकी, बालुवाटार | ३०००० |
| ४. | स्वास्थ्य चौकी, द्वारी | ३०००० |
| ५. | स्वास्थ्य चौकी, कालिका | ३०००० |
| ६. | स्वस्थ्य चौकी, सल्लेरी | ३०००० |
| ७. | स्वास्थ्य चौकी, चौराठा | ३०००० |
| ८. | आधारभूत स्वास्थ्य केन्द्र,पैती | ३०००० |
| ९. | सामुदायिक स्वास्थ्य ईकाई, कागते | २५००० |
| १०. | सामुदायिक स्वास्थ्य ईकाई, राईली | २०००० |
| ११. | सामुदायिक स्वास्थ्य ईकाई,भाँडे | २०००० |
| १२. | सामुदायिक स्वास्थ्य ईकाई, बराहस्थान | २०००० |
| १३. | सामुदायिक स्वास्थ्य ईकाई, चेप्टे | २०००० |
| १४. | सामुदायिक स्वास्थ्य ईकाई, नौगाउँ | २०००० |
| | जम्मा | **३६५०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६५,००० |

### ३६ शैक्षिक अनुदान शिक्षक

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक शत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ।तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखी नै अन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकको तबल वित्तीय समानीकरण अनुदानबाट रु.२,३४,६२,८९७।- तलव भत्ता भुक्तानी दिएको छ । पालिकाले विद्यालयका शिक्षक र विद्यार्थिको अनुपातको विश्लेषण गरी समानीकरण अनुदानमा प्राप्त वजेट विकास निर्माण कार्यमा खर्च गरी यस्तो खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

### ३७ फरक शिर्षकबाट खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ मा स्वीकृत वजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको छ भने त्यस्तो खर्च गर्न सकिने व्यवस्था रहेको छ।पालिकाले यो वर्ष निम्न शिर्षकबाट खर्च गर्नुपर्नेमा फरक शिर्षकमा खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं. र मिति | भुक्तानी पाउने | खर्च हुनुपर्ने शिर्षक | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|---|
| २५४।०८१।१।११ | एस.आई.ट्रेड एण्ड सप्लायर्स | सवारी मर्मत | सवारी साधन तथा मेशिन औजार भाडा | ९०४८३ |
| ५४८।०८१।३।१८ | सरस्वती ईन्टरप्राईजेज एण्ड जनरल अर्डर सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | अन्य सेवा शुल्क | १६५६३३ |
| ५५०।०८१।३।१८ | बाराही ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | सेवा र परामर्श खर्च | १४४६४० |
| ५५९।०८१।३।१८ | रेगामी स्टेशनरी स्टोर्स | मसलन्द तथा कार्यालय सामाग्री | अन्य सेवा शुल्क | ११२३७० |
| ५६७।०८१।३।१८ | दैलेख आयल ट्रेडर्स | ईन्धन खर्च | शान्ति सुरक्षा व्यस्थापन कार्यक्रम | ६४६३० |
| **जम्मा** | | | | **५७७७५६** |

| अनियमित भएको | ५,७७,७५६ |
|---|---|

३८ **सहभागी भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **३४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३९ **जिल्लास्तरीय खेलकुद प्रतियोगिता** (२४८-२०८१-१-१०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले कार्यक्रम संयोजक गोपाल बहादुर बूढालाई जिल्लास्तरीय खेलकुद संचालन गर्न रु.३,५०,०००।- भुक्तानी दिएको छ।उक्त खेलकुदमा सहभागीको संख्या,उपस्थिति, संचालन अवधि, लागत अनुमानत तथा खर्चको तेरिज तयार नगरी खाजा,खाना र होटलबासको विभिन्न विल मात्र राखी भुक्तानी लिएकोले कार्यक्रम संचालनको खर्च पुष्टि हुने आधार पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३,५०,००० |
|---|---|

४० **विविध कार्यक्रम खर्च** (२९६-२०८१-१-१४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले कार्यक्रमको नाम, कार्यक्रम संचालन गरेको मिति,उस्थिति, सहभागी संख्या र खर्च पुष्टि हुने आधार समेत पेश नगरी वडा नं २ का प्रशासन सहायक टंक प्रसाद शर्मालाई खाजा,खानाको विल राखी रु.२,५५,५००।- भुक्तानी दिएको छ।कार्यक्रम संचालनको पुष्टि हुने आधार नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,५५,५०० |
|---|---|

४१ **स्थानीय पाठ्यपुस्तक निर्माण** (३६५-२०८१-३-२३):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक खरिद निकायले कुनैपनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर ी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएर खरिद गर्नुपर्ने र सोही ऐनको दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले लागत अनुमान र स्पेशिफिकेशन तयार नगरी दरभाउपत्र समेत माग नगरी हिमालयन सिल्करोड

कन्सल्टेन्सी प्रा.लि.लाई "हाम्रो नौमुले" पुस्तक तयारी वापत रु.७,४८,५००।- भुक्तानी दिएको छ। पालिकाले यसरी पुस्तक निर्माण गर्दा ऐनमा भएको व्यवस्थाको पालना नगरी सोझै खरिद गरेको र जिन्सी दाखिला समेत नगरी विलको आधारमा भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,४८,५०० |

४२ **गरिवी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम**

गरिवी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ को अनुसूचि ३ मा बजेट तथा कार्यक्रमको २४ देखि ३३ प्रतिशत सम्म तलव भत्तामा खर्च गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले गरिवी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को लागी विनियोजन भएको रकम रु.११,६००००।- मध्ये रु. ८,०५,०००।- तलवमा मात्र खर्च भएको छ । पालिकाले कानुनमा भएको व्यबस्था विवरित तलवमा बढी खर्च लेखेको रु.४,२२,२००।- नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,२२,२०० |

४३ **तालिम कार्यक्रम सञ्चालन**

तालिम, गोष्ठी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको कार्यक्रम संचालनको नर्म्स अनुसार नभई बजेट अनुसार यातायात खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत, तालिम कार्य तालिका, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने तथा खर्च पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नुपर्ने देखिन्छ ।

४४ **खरिद अभिलेख तथा खरिद व्यवस्थापन**

४४.१ **खरिद कार्यको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले प्रत्येक खरिद कारवाहीको निम्ती छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम २ बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पुर्वयोग्यताको लागि आह्वान गरिएको सुचना, वोलपत्र आह्वान सम्वन्धी सुचना तथा कागजात, मूल्याङ्कन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सुचनाको प्रतिलिपि असफल वोलपत्रदातालाई पठाएको सुचनाको प्रतिलिपि, खरिद सम्वन्धी प्रकाशित सुचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, ईन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौता संशोधन गरिएको भए सो सम्वन्धि कागजात, मालसमान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले खरिदसंग सम्वन्धित कागजातहरु अलग अलग फाइलमा राखेको देखियो । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम प्रत्येक खरिद कार्यको खरिद सम्वन्धी सम्पुर्ण कागजातहरु एउटै फाइलमा पञ्जिका सहित सिलसिलेवर रुपमा राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

४४.२ **निर्माण सम्वन्धी म.ले.प.फाराम** : महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक निर्माण कार्यको अभिलेखको लागि प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टा छुट्टै निर्माण कार्यको लागत अनुमान (म.ले.प.फा.नं. ५०१), नापी किताव (म.ले.प.फा.नं. ५०३), ठेक्का सम्वन्धी विल (म.ले.प.फा.नं. ५०४), आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५), ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६), ठेक्का सम्वन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७), भेरिएसन आदेश फाराम (म.ले.प.फा.नं. ५०८), भेरिएसन अभिलेख खाता (म.ले.प.फा.नं. ५०९), डोर हाजिर फाराम (म.ले.प.फा.नं. ५११), नापी किताव नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) र जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) को व्यवस्था गरेको छ । पालिकाले

उल्लेखित स्वीकृत म.ले.प.फा.नं. को ढाँचा बमोजिम प्रत्येक खरिद कार्य र ठेक्काको विवरण स्पष्ट देखिने गरी राख्नुपर्नेमा अधिकांश फारामहरुको अद्यावधिक अभिलेख राखेको देखिएन । जसबाट तोकिएको विवरण तोकिएको ढाँचामा प्राप्त नहुने र सो सम्वन्धमा लेखापरीक्षणको क्रममा थप विश्लेषण गर्न नसकिने हुँदा पालिकाले स्वीकृत ढाँचा बमोजिमको म.ले.प.फारामहरु राखि निर्माण कार्यलाई व्यवस्थित वनाउनुपर्दछ ।

४४.३ **नापी किताव तथा नियन्त्रण खाता :** महालेखा नियन्त्रक कार्यालयले निर्माण कार्यको रकम भुक्तानी र निर्माण कार्यको अभिलेखको लागि नापी किताव म.ले.प.फा.नं. ५०३, ठेक्का सम्वन्धी विल म.ले.प.फा.नं. ५०४ र नापी किताव नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ को व्यवस्था गरेको छ । पालिकाले ठेक्का वा अमानत वा अन्य प्रक्रियाबाट सम्पन्न गरिने निर्माण कार्यको के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्वन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी कितावमा अभिलेख राखि सम्पति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्ने र सो नापी किताव बमोजिम म.ले.प.फा.नं. ५०४ बमोजिमको ठेक्का सम्वन्धी बिलको रकम भुक्तानी गर्नुपर्नेमा Measurement Sheet उल्लेख गरेको लुज सिटहरु मात्र संलग्न गरी रकम भुक्तानी गरेको देखियो । पालिकाले नापी किताव म.ले.प.फा.नं. ५०३ तयार गरी नापी किताव नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ मा सिलसिलेवर नम्वर उल्लेख गरी कार्यालय प्रमुखबाट प्रमाणित गराई अद्याबधिक गर्नुपर्दछ ।

४४.४ **डि.एल.पि.अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन । अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

४४.५ **बोलपत्र सम्बन्धी कागजात (स्टेण्डर्ड बिड डकुमेन्ट):** सार्वजनिक खरिद नियमावलीको नियम ३७ मा बोलपत्र सम्बन्धी कागजातमा ऐन, को दफा १३ मा उल्लेखित कुरा बाहेक सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको अन्य कुराहरु हुने तथा नियम २४ मा कुनै खरिद सम्झौता सम्बन्धमा आवश्यक शर्तहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी बमोजिम हुने उल्लेख छ । कार्यालय सार्वजनिक निकायले खरिद प्रक्रिया बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत गर्दा उक्त फारम प्रयोग गरेकोमा जि.सि.सि. बमोजिम एस्.सि.सि. मा अनिवार्य रुपमा तोक्नुपर्ने कार्यतालिका, एजबिल्ट ड्रईङ र विमासम्बन्ध शर्त राखेको देखिएन। यसकारण निर्माण व्यवसायीहरु जि.सि.सि.मा भएको शर्तहरु पुरा गर्न बाध्य भएको देखिएन। तसर्थ पालिकाले बोलपत्रसम्बन्धी कागजात तयारीमा जिम्मेवार हुनुपर्दछ ।

४४.६ **वीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. २० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्रि प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पुर्ण जोखिम बहन गर्ने गरी वीमा गराउनुपर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष सम्झौता गरेका कतिपय ठेक्कामा वीमाको व्यवस्था भएता पनि विमा गराएको नदेखिएको र कतिपय ठेक्काको वीमा गर्नुपर्ने प्रावधान समेत राखेको देखिएन । पालिकाले निर्माण कार्यको वीमा गराएर मात्र खरिद कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४५ **पन्ध्र शैयाको अस्पताल निर्माण (ठेक्का नं. NCB/NRM/06/NPHBCW/077-78)**

पालिकाले अस्पताल निर्माण कार्यको लागि धुलिखेल निर्माण सेवा प्रा.लि.संग रु. ११,४४,९२,७९३।- मा २०८०।६।१० भित्र कार्य सम्पन्न गर्ने गरी २०७८।६।११ गते सम्झौता भएकोमा उक्त समय भित्र तोकिएको कार्य सम्पन्न हुन नसकेको भनि २०८१।६।१० सम्म म्याद थप भई यस बर्ष सम्म मूल्य समायोजन रु. ७६,२२,७३२।- समेत चौथो रनिङ विल सम्म जम्मा रु. ६,४८,२५,१०८।- भुक्तानी भएको फाइलको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन।

४५.१ **मूल्य समायोजन भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको खरिद सम्झौताको बिशेष शर्तको GCC 53.1 मा वोलपत्रदाताले Letter of price bid साथ पेश गरेको Table of adjustment data को आधारमा मूल्य समायोजन भुक्तानी गरिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद अनुगमन कार्यालय ताहचल काठमाडौंले पत्र संख्या २०७६।७७ चलानी नंम्वर ७९२ मिति २०७६।९।१५ को पत्रमा Table of price adjustment data मा Coefficient Range नभरी खालि छोडेमा उक्त ठेक्कामा मुल्य समायोजन दिन नमिल्ने उल्लेख गरेको छ । पालिकाले पेश गरेको निर्माण कार्यको खरिद सम्झौतामा निर्माण व्यवसायीले पेश गरी सम्वन्धित पदिधिकारीबाट प्रमाणित भएको Table of price adjustment data संलग्न नभएको र लेखापरीक्षणको क्रममा समेत उक्त विवरण माग गर्दा प्राप्त हुन सकेन । तर पालिकाले निम्नानुसार Coefficent range राखी तेस्रो रनिङ विल सम्मको मुल्य समायोजन रकम रु. ७६,२२,७३२।- भुक्तानी भएकोमा कुन Coefficent को आधारमा मूल्य समायोजन भुक्तानी दिएको हो एकिन गर्न सकिएन ।अत: सम्झौतामा उल्लेख भए बमोजिम निर्माण व्यवसायीले वोलपत्रसाथ पेश गरेको र सम्वन्धित पदाधिकारीबाट प्रमाणित गरेको Table of price adjustment data पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

| मूल्य समायोजन गणना गरेको Coefficent range (Labor- 0.13, Material-0.69, equipment-0.03 and Fixed 0.15) | | |
|---|---|---|
| रनिङ विल | मूल्य समायोजनयोग्य विल रकम | मूल्य समायोजन रकम |
| पहिलो | ४५८२०६४ | ८२४७७२ |
| दोस्रो | १६४५९२५४ | ३४५६४४३ |
| तेस्रो | १२९७१४०० | २४६४५६६ |
| जम्मा | | ६७४५७८१ |
| मू.अ.कर | | ८७६९५१ |
| **कूल जम्मा** | | **७६२२७३२** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,२२,७३२ |

४५.२ **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिम सम्झौताको अबधि भित्र तोकिएको कार्य पुरा गर्न नसक्ने भएमा सम्वन्धित निर्माण व्यवसायीले निर्धारित अबधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ । मिति २०७८।६।११ मा सम्झौता भएको निर्माण कार्यको सूरु सम्पन्न गर्नुपर्ने म्याद २०८०।६।१० भएकोमा उक्त अबधि भित्र कार्य सम्पन्न हुन नसकि पालिकावाट मिति २०८०।९।२६ मा २०८१।६।११ सम्म म्याद थप भएकोमा उक्त थप भएको अबधि भित्र पनि कार्य सम्पन्न हुन सकेको देखिएन । निर्माण व्यवसायीले म्याद थपको लागि मिति २०८१।४।२ गते निवेदन दिएकोमा लेखापरीक्षण अबधि २०८१ मंसिर ५ गते सम्म म्याद थप नभई म्याद थप गर्ने प्रक्रियामा रहेको देखियो । पालिकाले खरिद ऐन, नियमावली र सम्झौताका शर्त बमोजिम म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्नु गराउनुपर्दछ ।

४५.३ **जग्गाको स्वामित्व :** सार्वजनकि खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलवाट हटाउनुपर्ने संरचना हटाउने सुनिश्चितता नभई, क्षतिपुर्ती वितरण गर्नुपर्नेमा सोको लागि वजेटको सुनिश्चितता नगरी

वोलपत्र आह्वान गर्न नहुने उल्लेख छ ।पालिकाले परामर्शदाताबाट प्राप्त भवन निर्माणको विस्तृत आयोजना प्रतिवेदन बमोजिम ५२ मिटर लम्वाई र ३३ मिटर चौडाई भएको २ तले भवन निर्माण कार्यको लागि वोलपत्र आह्वान भई २०७८।६।११ मा सम्झौता भएकोमा निर्माण कार्य सुरु गर्ने समयमा भवन निर्माण कार्यको लागि ५२ मिटर लम्वाई र २९ मिटर चौडाई (बाटोको लागि प्रयोग गर्नुपर्ने जग्गा समेत) को जग्गा मात्र उपलव्ध भएको भनि DPR पुन परिवर्तन गरी ५२ मिटर लम्वाई र २२ मिटर चौडाईको ३ तले भवन निर्माणाधिन अवस्थामा रहेको देखिन्छ ।त्यस्तै निर्माणधिन भवनको क्षेत्रको कित्ता नं. २५८ को ११४ बर्ग मिटर जग्गा व्यक्तिको नाममा रहेकोमा हाल सम्म पनि पालिकाको नाममा स्वामित्व प्राप्त हुन नसकि पालिकाको नाममा स्वामित्व प्राप्त गर्न प्रयासरत रहेको देखिन्छ । अत: पालिकाको भवन निर्माण कार्यको लागि उपलव्ध रहेको जग्गाको क्षेत्रफल भन्दा बढी क्षेत्रफल जग्गामा भवन निर्माण कार्य गर्ने गरी विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने परामर्शदाता एस.वि.ईन्जिनियरिङ सोलुसन प्रा.लि.दैलेख र कित्ता नं. २५८ को ११४ बर्ग मिटर जग्गा पालिकाको स्वामित्व प्राप्त नगरी वोलपत्र आह्वान गरी ठेक्का सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ ।

४५.४ **भेरिएसन बेगर भुक्तानी :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा भेरिएसन सम्वन्धी व्यवस्था छ । त्यस्तै सार्वजनिक लेखा समितिले पटक पटक सार्वजनिक निकायलाई आईटमवाइज भेरिएसन वेगर भुक्तानी नगर्न निर्देशन दिएको देखिन्छ । तर पालिकाले भवन निर्माण अन्तर्गत Stone Masonary Work (1:4) कार्यको खरिद सम्झौताको बि.ओ.क्यू. मा उल्लेख भएको परिमाण भन्दा भेरिएसन आदेश स्वीकृत वेगर बढी परिमाणको कार्यको भुक्तानी दिएको देखिन्छ । यसरी सम्झौताको बि.ओ.क्यू. मा उल्लेखित कार्यको परिमाण भन्दा बढी परिमाणको भुक्तानी भएकोले उक्त कार्यको प्राविधिक पुष्ट्याई सहितको भेरिएसन स्वीकृत गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| वि.ओ.क्यू.को परिमाण | भुक्तानी भएको परिमाण | फरक परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| ४७६.६२ घ.मि. | ६४४.५९ घ.मि. | १६७.९७ घ.मि. | ७५०० | १२५९७७५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,५९,७७५ |

४५.५ **डिजाईन रिभ्यू तथा भेरिएसन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(६) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गरी सकेपछि लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविधिकको समूहलाई डिजाइन, ड्रइङ्ग समेत जाँच्न लगाई कुनै त्रुटी देखिएमा त्यस्तो त्रुटी सच्याउन लगाउनु पर्ने उल्लेख छ। त्यस्तो निकायमा माथिल्लो तहको प्राविधिक नभएमा विभागिय प्रमूखले त्यस्तो लागत जाच्ने व्यवस्था मिलाइ दिनुपर्ने भन्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा सार्वजनिक निकायले ऐनको दफा ५४ बमोजिम भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा निर्माण कार्यको ड्रइङ्ग डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नुपर्ने वा नपर्ने र बदल्नुपर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने नहुने कुरा एकिन गर्नुपर्ने व्यवस्था छ । अस्पताल निर्माण कार्यको लागि परामर्शदाता एस.वि.ईन्जिनियरिङ सोलुसन प्रा.लि.ले पेश गरेको बिस्तृत अध्ययन प्रतिवेदन (DPR) को आधारमा वोलपत्र आह्वान गरी २०७८।६।११ मा सम्झौता गरी कार्य सुरु गरेको देखिन्छ । अस्पतालको भवन निर्माण कार्यको नक्सा (Design) बमोजिम ५२ मिटर लम्वाई र ३३ मिटर चौडाई भएको २ तले भवनको निर्माण कार्य सुरु गर्ने समयमा भवन निर्माण कार्यको लागि ५२ मिटर लम्वाई र २९ मिटर चौडाई (बाटोको लागि प्रयोग गर्नुपर्ने जग्गा समेत) को जग्गा मात्र उपलव्ध भएको भनि परामर्शदाताले ५२ मिटर लम्वाई र २२ मिटर चौडाईको ३ तले भवन निर्माण गर्न Design Revised गरी स्वास्थ्य मन्त्रालयमा पेश भई Nepal Health Sector Support Programme बाट अस्पतालको परिमार्जन डिजाइन नक्सा बमोजिम कार्य अगाढी बढाउन स्वीकृत भए बमोजिम हाल भवन निर्माण कार्य भइ रहेको छ । परामर्शदाताले पेश गरेको परिमार्जित डिजाइन र लागत अनुमान बमोजिम हाल निर्माण कार्य भइ रहेकोमा भवन निर्माण कार्यको सूरु लागत अनुमान रु. १६,६८,६४,९०१।- र सुरु सम्झौता रकम रु. ११,४४,९२,७९३।- रहेकोमा संशोधित डिजाइन बमोजिम लागत अनुमान रु. २,११,१६,३५१।- बृद्धि भइ रु. १८,७९,८१,८५२।- र सम्झौता रकम रु. १,८५,४९,३६५।- ले बृद्धि भइ रु. १३,३०,४२,१५८।- कायम भएको देखिन्छ । पालिकाले परामर्शदाताले पेश गरेको संशोधित डिजाइन र लागत अनुमान बमोजिम भवन निर्माण कार्य निर्माणाधिन रहेकोमा संशोधित लागत अनुमान बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ नियम ११८ बमोजिम भेरिएसन स्वीकृत गरेको देखिएन । पालिकाले सम्वन्धित परामर्शदाता कम्पनिलाई

जिम्मेवार वनाई संशोधित डिजाइन तथा लागत अनुमान बमोजिमको रकम भेरिएसन स्वीकृत गरेर मात्र निर्माण कार्य अगाढी बढाउनेतर्फ ध्यान दिनुपर्दछ ।

४५.६ **कन्टिन्जेन्सी खर्च :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा पालिकाले निर्माण कार्यको कुल लागतको मात्र ४ प्रतिशत रकम कन्टेन्जेन्सी छुट्याएकोमा पालिकाले यस बर्ष मूल्य समायोजन भुक्तानी रकम रु. ६७,४५,७८०।- को ४ प्रतिशतले हुने रु. २,६९,८३१।- समेत कन्टेन्जेन्सीमा खर्च गरेको देखियो । पालिकाले निर्माण कार्यको खर्चको मात्र कन्टेन्जेन्सी खर्च गर्नुपर्नेमा मूल्य समायोजन रकमको समेत कन्टेन्जेन्सी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,६९,८३१ |

४५.७ **पेश्की जोखिम :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै निर्माण व्यवसायीसंग भएको खरिद सम्झौताको SCC Clause No. 57.3 मा प्रत्येक रनिङ विलबाट २० प्रतिशतको दरले र सम्झौता अबधिको ८० प्रतिशत समय सबै सबै पेश्की फस्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई दिएको पेश्की मध्ये आर्थिक बर्षको अन्त सम्म फस्र्यौट नभई रु. ३९,००,०००।- पेश्की बाँकी रहेको र निर्माण कार्यको म्याद समाप्त भएको तर म्याद थप नभएको अवस्थामा उक्त पेश्की जोखिममा रहेकोले सम्झौताको विशेष शर्त बमोजिम सम्पुर्ण पेश्की निर्माण व्यवसायीले पेश गरेको बैंक जमानतबाट असुल फस्र्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ३९,००,००० |

४५.८ **कन्टिन्जेन्सी खर्च :** पालिकाले कट्टी गरेको कन्टेन्जेन्सी रकम मध्ये वर्कचार्ट स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत खर्च गर्नुपर्नेमा चौथो विलको रकरम भुक्तानी गर्दा कट्टी गरेको कन्टेन्जेन्सी रकम रु. ४,७२,५८४।- पुरै स्टेशनरीमा खर्च गरेको देखिएकोले वर्क चार्ट स्टाफ खर्चमा खर्च नगरी साना तिना खर्चमा बढी खर्च लेखेको २ प्रतिशत बमोजिम हुने रु. २,२६,५८४।- नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,२६,५८४ |

४६ **लोहोरे खोला करिडोर निर्माण**

४६.१ **रितपुर्वकको कर विजक :** मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा अनुसूची ५(क) वमोजिमको ढाँचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले सडक निर्माण कार्यका निर्माण व्यवसायीले पेश गरेको फवटोकपी विलको आधारमा रु. २०,४८,८४९।- भुक्तानी दिदा मूल्य अभिबृद्धि कर रु. २,३५,७०८।- समेत भुक्तानी दिएकोले रितपुर्वक जारी गरेको विल वेगर भुक्तानी भएको ३० प्रतिशत कट्टी पछिको मूल्य अभिबृद्धि कर रु.१,६४,९९५।- समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६४,९९५ |

४६.२ **कार्य सम्पन्न नभएको :** पालिकाले लोहोरे खोला करिडोर निर्माणका लागि जे.ए.वि. कन्ट्रक्न एण्ड सप्लायर्स (६१९७७७२८३९) संग मिति २०८१।२।२२ गते रु. ७५,६१,६१३।- मा मिति २०८१ असार सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा यस वर्ष रु. ३९,४३,८५४।- को भुक्तानी भएको छ । निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्य तोकिएको समयममा सम्पन्न नगरेको, उक्त ठेक्काको म्याद थप नभएको र आर्थिक बर्ष २०८१।८२ मा उक्त कार्यको लागि वजेट समेत व्यवस्था नभएकोले सडक निर्माण कार्य अधुरै रहने देखिन्छ ।पालिकाले अधुरो ठेक्काको लागि आवाश्यक वजेटको व्यवस्था गरी खरिद नियमावली र खरिदसम्झौता बमोजिम कार्य सम्पन्न गराउनुपर्दछ।

**४७ अधुरो निर्माण कार्य**

पालिकाले आर्थिक बर्ष २०७८।७९ मा २ सडक निर्माण कार्यको लागि निर्माण व्यवसायी एन.एस.विल्डर्स, सुर्खेतसंग २०७८।९।२० मा निम्नानुसार ठेक्का २०७९।३।३० मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा उक्त निर्माण कार्य सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न हुन नसकेको अवस्थामा निर्माण व्यवसायीले सम्झौतामा उल्लेखित शर्त र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम बैंक जमानत, संशोधित कार्यतालिका सहित म्याद थपको लागि निवेदन दिएको देखिएन । पालिकाले म्याद थपको लागि बैंक जमानतको अबधि थप गरेको प्रमाण पेश गर्न पटक पटक पत्राचार गरेता पनि निर्माण व्यवसायीले कार्यसम्पादन जमानतको अबधि थप गरेको प्रमाण पेश नगरेको कारण म्याद थप हुन नसकि उक्त निर्माण कार्यहरु अधुरो रहेको देखियो ।

| क्र.सं. | निर्माण कार्यको नाम | लागत अनुमान | सम्झौता रकम | पहिलो रनिङ विलको भुक्तानी |
|---|---|---|---|---|
| १ | नौमुले द्धारी छिहिरा भित्रिखोला देखि जैशीडाँडा सम्म सडक निर्माण कार्य | ११४९१३५४ | ३०४७८६४ | ११८११५५ |
| २ | नौमुले ठुलो चम्लाया हुदै कागते भावसैनी सडक निर्माण कार्य | १०५३३८२० | २९०३३९२ | १०१९३६८ |

यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन ।

४७.१ **विमा नगरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. २० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्रि प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पुर्ण जोखिम बहन गर्ने गरी वीमा गराउनुपर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनुपर्ने व्यवस्था छ । त्यस्तै माथि उल्लेखित २ सडक निर्माण कार्यको सम्झौताको बिशेष शर्तको १९.१ मा ठेक्का रकमको ११५ प्रतिशतले हुने रकमको विमा गराउनुपर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीले सम्झौतामा भएको शर्त बमोजिम विमा गराएको देखिएन । पालिकाले निर्माण कार्यको खरिद नियमावली र सम्झौतामा भएको व्यवस्था बमोजिम विमा गराएर मात्र कार्य सुरु गर्नुपर्दछ ।

४७.२ **म्याद थप तथा कार्य सम्पन्न :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिम सम्झौताको अबधि भित्र तोकिएको कार्य पुरा गर्न नसक्ने भएमा सम्वन्धित निर्माण व्यवसायीले निर्धारित अबधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी एन.एस.विल्डर्स विच नौमुले द्धारी छिहिरा भित्रिखोला देखि जैशीडाँडा सम्म सडक निर्माण कार्य र नौमुले ठुलो चम्लाया हुदै कागते भावसैनी सडक निर्माण कार्यको लागि २०७९।३।३० मा सम्पन्न गर्ने गरी २०७८।९।२० मा सम्झौता भएकोमा निर्माण व्यवसायीले तोकिएको समयमा कार्य सम्पन्न गर्न सकेको देखिएन । निर्माण व्यवसायीले सम्झौता बमोजिम तोकिएको कार्य सम्पन्न हुन नसकेको अवस्थामा कार्य सम्पादन जमानतको अबधि थप गरी संशोधित कार्यतालिका सहित म्याद थपको लागि निवेदन दिनुपर्नेमा मिति २०७९।३।१ मा अत्यधिक बर्षा, पेट्रोलिय पदार्थको अभाव र जग्गा विवादको कारण निर्माण कार्यमा ढिलाई भएको भनि निर्धारित अबधिको कार्य सम्पादन जमानत र संशोधित कार्यतालिका पेश नगरी निवेदन मात्र पेश गरेको देखियो । निर्माण व्यवसायीले नौमुले द्धारी छिहिरा भित्रिखोला देखि जैशीडाँडा सम्म सडक निर्माण कार्यको ३७२० मिटर सडक खन्ने काम गर्नुपर्नेमा १५८० मिटर मात्र कार्य सम्पन्न गरी रु. ११,८१,१५५।- र नौमुले ठुलो चम्लाया हुदै कागते भावसैनी सडक निर्माण कार्यको ३८४० मिटर सडक खन्ने काम गर्नुपर्नेमा १२८० मिटर मात्र सडक खन्ने काम सम्पन्न गरी १०,१९,३६८।- मिति २०७९।३।७ मा भुक्तानी लिएकोमा सो भन्दा पछी थप कार्य गरी भुक्तानी लिएको देखिएन । पालिकाले मिति २०७९।४।६, २०७९।७।२८, २०७९।१०।२३, २०७९।१२।१४, २०८०।१।११, २०८०।२।२४, २०८०।८।६ को पत्रबाट निर्माण व्यवसायीलाई बैक जमानतको अबधि थप गर्न, पत्रको जवाफ पेश गर्न, निर्माण कार्य अगाढी बढाउन, कार्य सम्पन्न गर्न र निर्माण कार्य अगाढी बढाउन अन्तिम पटक ताकेता जस्ता व्यहोरा उल्लेख गरी पत्राचार गरेको देखिएकोमा निर्माण व्यवसायीले सोको स्पष्ट जवाफ र बैंकको कार्यसम्पादन जमानतको अबधि थप गरेको प्रमाण पेश गरेको देखिएन जसबाट पालिकाले निर्माण कार्यको म्याद थप हुन नसकेको जनाएको छ । माथि उल्लेखित विवरण

अनुसार पालिकाले निर्माण व्यवसायीलाई बैंक जमानतको अबधि थप गरेको प्रमाण पेश गर्न र कार्य अगाढी बढाउन पटक पटक पत्राचार गर्दा पनि निर्माण कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिएको नदेखिएको र सडक खन्ने कार्य आंशिक सम्पन्न भएता पनि उक्त सडकमा आवत जावत गर्ने अवस्था नरहेकोले पालिकाले सार्वजनिक खरिद ऐन, नियमावली, सम्झौता र प्रचलित कानुन बमोजिम कारवाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

४७.३ **कार्य सम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा खरिद सम्झौतामा अन्य व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार ठेक्काको लागि निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादनको जमानतको म्याद समाप्त भइसकेको, निर्माण कार्यको म्याद थप नभएको र पालिकाले उल्लेखित निर्माण कार्यको बैंक जमानत रोक्का राख्न मिति २०८०।३।८ मा पत्राचार गरेता पनि उक्त बैक जमानतको रकम बैंकले रोक्का राखे नराखेको जानकारी प्राप्त भएको देखिएन । अत : निर्माण कार्य तोकिएको समयमा सम्पन्न नगरी अधुरो छोड्ने निर्माण व्यवसायीले पेश गरेको बैंक जमानत सम्वन्धित बैंकबाट जफत गर्नुपर्ने वा म्याद थप गरेको प्रमाण पेश गर्नपर्ने रु.

| क्र.सं. | निर्माण कार्यको नाम | बैक जमानत रकम | बैंकको नाम | जमानको अबधि |
|---|---|---|---|---|
| १ | नौमुले द्वारी छिहिरा भित्रिखोला देखि जैशीडाँडा सम्म सडक निर्माण कार्य | ३५१२००० | नेपाल बंगलादेश बैंक | २०८०।३।३१ |
| २ | नौमुले ठुलो चम्लाया हुदै कागते भावसैनी सडक निर्माण कार्य | ३१७०५०० | | २०८०।३।३१ |
| **जम्मा** | | **६३८२५००** | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,८२,५०० |

४८ **उपभोक्ता अंश कट्टी नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ताको अंश कट्टी गरेर भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले झ्याउखोला खानेपानी तथा सरसफाइ योजना निर्माण कार्यको लागि उपभोक्ता समिति संग गरेको सम्झौतामा कुल लागतमध्ये २० प्रतिशत लागत (१ प्रतिशत नगद समेत) उपभोक्ता समितिले व्यहोर्नुपर्ने उल्लेख छ । तर पालिकाले उक्त खानेपानी आयोजनाको उपभोक्ता समितिलाई भुक्तानी गर्दा निम्नानुसारको उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम कट्टी नगरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | उपभोक्ता समितिको विल रकम | उपभोक्ताले व्यहोर्नुपर्ने रकम (२० प्रतिशत) |
|---|---|---|
| ६३-०८१।३।२० | ४०६२१६८ | ८१२४३३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१२,४३३ |

४९ **झोलुङ्गे पुल निर्माण** (२४-२०८१-१-११):

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम(संघीय सशर्त अनुदान) अन्तर्गत ठुलो चम्लाय झोलुङ्गे पुल निर्माण कार्यका लागि उपभोक्ता समिति र पालिका विच मिति २०७८।१०।१६ मा भएको सम्झौतामा कुल लागत रकम मध्ये संघीय सशर्त अनुदान, पालिका र उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम उल्लेख गरेकोमा पुल निर्माण कार्यको अन्तिम भुक्तानी दिदा पालिकाले व्यहोर्नुपर्ने रकम पालिकावाट भुक्तानी नदिई उक्त रकम समेत संघीय सशर्त अनुदानबाट भुक्तानी दिएको देखिन्छ । पालिकाले झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको लागि उपभोक्ता समितिसंग भएको सम्झौतामा उल्लेख भए बमोजिम पालिकाले व्यहोर्नुपर्ने रकम समेत संघीय सशर्त अनुदानवाट खर्च लेखेकोले उक्त रकम संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.

| उपभोक्ताले सम्पन्न गर्नुपर्ने कामको कुल लागत | कार्य सम्पन्न रकम | संघीय शशर्त अनुदानबाट भुक्तानी गर्नुपर्ने रकम | पालिकाले व्यहोर्नुपर्ने रकम | उपभोक्ताले व्यहोर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १६०३०१४ | १६७३६९१ | १०९८७२६ | ४९८३२० | ७६६४४ |

| असुल गर्नुपर्ने | ४,९८,३२० |
|---|---|

५० **कामको परिमाण खुलाउनुपर्ने**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १(घ) भुक्तानी दिदा परिमाण खुलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले देहाय अनुसारको सडक निर्माण एवं स्तरोन्नति गरेवापत इन्धन, मेशिन मर्मत, मेशिन अपरेटर र ज्यामिको ज्याला समेत जम्मा रु.३६,७२,०१७।- खर्च लेखेको छ।पालिकाले सडक सत्रोन्नती कार्यको लागि प्रयोग भएको मेशिन डोल्टी हाइड्रोपावर कम्पनिले उपलव्ध गराएको उल्लेख जनाएको मा कति परिमाणको कार्य सम्पन्न भएको हो सोको परिमाण खुलाउने प्राविधिक पुस्ट्याइ सहितको प्रतिवेदन पेश भएको देखिएन । अत : सडक निर्माण कार्यको परिमाण खुल्ने प्राविधिक पुस्ट्याई सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| भौ.न./मिति | काम | जम्मा खर्च |
|---|---|---|
| ४८/०८१/१/२४ | तामे नौमुले वाटो स्तरोन्नति | २७३०७७ |
| | भलाई डाडा चौरठा सडक निर्माण | ९२९६०५ |
| ७४/०८१/२/३० | वार्ड नं ६,७,८ को वाटो स्तरोन्नति | ९६१५४१ |
| ७६/०८१/२/३० | अमलचौर कटढुङ्गा हटिखोला सल्लेरि सडक निर्माण | १५०७७९४ |
| **कुल जम्मा** | | **३६७२०१७** |

| प्रमाण पेश नगरेको | ३६,७२,०१७ |
|---|---|

५१ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायि नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम उपनियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यलयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार योजना को भुक्तानी दिन वांकिको कच्चावारि म.ले.प.फारम नम्वर २२१ नराखी भुक्तानी दिइको छ। तसर्थ भुक्तानी दिन बांकिको कच्चावारि नराखि भुक्तानी दिएको अनियमित देखिएको रु.

| भौ.न./मिति | काम/ भुक्तानी पाउने | रकम |
|---|---|---|
| ३/०८०/४/२० | मसाड वालुवाटार खा.पा.उ.स नौमुले २. | ४९३८९५ |
| ५६/०८१/२/२७ | तामेखोला सिचाई कुलो निर्माण उ.स. | ९९०७८ |
| १०३/०८१/३/१६ | वडाली कन्स्ट्रकसन एण्ड सप्लायर्स (वाटो निर्माण) | ३७००७५ |
| १११/०८१/३/१० | माथिल्लो सानि माखु सडक निर्माण उ.स. | १८३०८९ |
| १३७/०८१/३/२१ | सडक सफाई, महावु गांउपालिका | ११३८५० |
| १४५/०८१/३/२२ | अरनिको मा.वि. गिरि खानेपानि मर्मत उ.स. | ३४३५४९ |
| १८२/०८१/३/२४ | १५ शैया अस्पताल निर्माण,आर .वि.वि.कन्स्ट्रकसन | ९६९५८२ |
| १७९/०८१/३/२३ | नौफेरि गोरुजोर सडक मर्मत उ.स. | ३६६००० |
| **जम्मा** | | **२९३९११८** |

| अनियमित भएको | २९,३९,११८ |
|---|---|

५२ **वढि पाईप प्रयोग**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनु पर्दछ। पालिकाले मसार वालुवाटार नौमुले खानेपानि योजनामा कुल पाइप लाईनको काम २१०२ मिटर भएकोमा पाइप खर्च २४५२ मिटर देखिएको छ। पाइप लाईनको काम भन्दा ३५० मिटर वढि पाईप खर्च भएको छ। पाइपलाईन भन्दा वढि पाइप देखिएकोले खर्च भएको पाइप प्रति मिटर २५७.५७ का दरले हुन आउने रकम असुल हुनुपर्दछ रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,१५० |

५३ **सक्कल विल पेश हुनुपर्ने** (१८-२०८०-११-१४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनु पर्दछ। पालिकाले Sw Map १ थान रु १२९९५० र Cat Bod Rod १ थान वापत अभियान ट्रेड प्रा.लि. लाई फोटो कपि विल संलग्न गरी रु. १,४५,७७०।- भुक्तानी दिएको छ। फोटोकपि विल संलग्न गरी भुक्तानी दिंदा दोहोरो भुक्तानी हुन जाने संभावना रहन्छ। अत: उक्त भुक्तानीको सक्कल विल पेश हुनुपर्दछ रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४५,७७० |

५४ **खरिद सामाग्रिको प्रयोग**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनु पर्दछ। पालिकाले SUSUwa परियोजना अन्तर्गत देहाय अनुसारका फर्मलाइ पाइप तथा सामाग्री खरिद गरी भुक्तानी दिएको छ। तर खरिद भएका सामाग्रिहरु सम्बन्धीत योजनामा प्रयोग भएको नापी किताव श्रेस्तासाथ नभएकोले खरिद भएका पाइप तथा सामाग्रीहरु जडान तथा प्रयोग भएको खुल्ने प्राविधिक पुस्ट्याइ सहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ रु.

| सामान | फर्मको नाम | रकम |
|---|---|---|
| ७ थरिका HDPE पाइप ५२ मि. | सुर्य विक्रम भाडा पसल एण्ड सप्लायर्स | ९८३७७८ |
| ४ थरिका शौचालयका सामाग्रि | कला इन्टरप्राइजेज एण्ड जनरल अर्डर सप्लायर्स | ८३८६८६ |
| जम्मा | | १८२२४६४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,२२,४६४ |

५५ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावली, २०६४ को नियम ९७ मा निर्माण कार्य गराउदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा मुल्य अभिवृद्धि कर, ओभर हेड, कन्टेन्जेन्सी र जन सहभागीताको अंश समेतको एक करोड रुपैयाँ सम्मको लागत अनुमान भएको सार्वजनिक निर्माण कार्य सोही स्थानमा वसोवास गर्ने वासिन्दा वा सेवा उपभोग गर्ने समुदाय रहेको उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष ३५ वटा उपभोक्ता समिति मार्फत काम गराई रु. २ करोड ३८ लाख ४६ हजार भुक्तानी भएको देखिन्छ । सो मध्ये नमुना छनौट गरी लेखापरिक्षण गर्दा देखिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

- पालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धमा कार्यविधि तयार गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने उल्लेख भएकोमा पालिकाले हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य समेत उपभोक्ता समित मार्फत गराएको छ ।
- पालिकाले उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा प्रयोग गरिने सामाग्रिको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन जसले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भनी यकिन गर्न सकिएन ।

- योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालय बीच सम्झौता गरेपनि सम्झौतामा उल्लेख भए अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।
- कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको देखिएन ।
- सार्वजनिक परीक्षण गरेको भनी विवरण संलग्न गरे तापनि उक्त परीक्षणमा उपभोक्ताको आमभेला नहुने, उपभोक्ता समितिका सिमित पदाधिकारी मात्र संलग्न हुने गरेको देखियो । अनुगमन समितिले अनुगमन गर्दा देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।
- उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य गराएको छैन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्ने जिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ भएकोमा पालिकाले उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।
- उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. स्ट्रक्चर सहितका भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो ।

पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गरी उपभोक्ता समितिमार्फत कार्य गराउनुपर्दछ ।

५६ **माटो पुर्ने कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने साथै नर्म्सको प्रयोग गर्दा मितव्ययिता हुन सक्ने अवस्थामा सोको समेत विचार गर्नुपर्ने उल्लेख छ । खानेपानी तथा ढल व्यवस्थापन विभागबाट जारी भएको निर्माण कार्यको दर विश्लेषण नर्म्स २०४१ (दोस्रो संशोधन २०५० समेत) मा पानी छर्किएर माटो पुर्ने कामको लागि प्रति घ.मी. ०.५० मेन डेज र पानी नछर्किएर माटो पुर्ने कामको लागि प्रति घन मिटर ०.२५ मेन डेज लाग्ने उल्लेख छ । पालिकाले पानी छर्किएर माटो पुर्ने कार्यको नर्म्स बमोजिम लागत अनुमान तयार गरी पानी नछर्किएर कार्य सम्पन्न गरेको अवस्थामा पानी छर्किएर माटो पुर्ने कार्यको नर्म्स बमोजिमको दरले हुने रकम भुक्तानी दिदा निम्नानुसार योजनामा बढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| भुक्तानी हु पर्ने दर प्रति घ.मि. **रु. २१२.४४** भुक्तानी भएको दर प्रति घन.मि. **रु. ४२४.८८** | | | | |
|---|---|---|---|---|
| **भौ.न. र मिति** | **काम** | **परिमाण (प्रति घन. मि.)** | **वढि भुक्तानी दर** | **वढि भुक्तानी** |
| ५९-०८१।३।२० | तल्लो नाउली खानेपानी तथा सरसफाइ उ.स. | ३५७ | २१२.४४ | ७५८४१ |
| ५७-०८१।३।२० | सिस्नेरी खानेपानी तथा सरसफाइ उ.स. | ३०७ | २१२.४४ | ६५२१९ |
| **जम्मा** | | | | **१४१०६०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४१,०६० |

५७ **माटो पुर्ने कार्य** (५१-२०८१-३-२०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले सवैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम अन्तर्गत साउने धारा खानेपानी तथा सरसफाइ योजनाको लागि उपभोक्ता समितिलाई पाइपलाईनको माटो पुर्ने कार्यको लागि

रकम भुक्तानी नदिने गरी लागत अनुमान तयार गरी सोही बमोजिम उपभोक्ता समितिसंग सम्झौता गरेकोमा अन्तिम विलको रकम भुक्तानी गर्दा भने पाइप लाइनको माटो पुर्ने ७८१ घन मिटर कार्यको प्रति घन मिटर रु. ४२४.८८ को दरले जम्मा रु. ३,३१,८३१।- भुक्तानी दिएको छ । पालिकाले पाइप खरिद गर्ने, पाइपलाइजनको लागि माटो खन्ने कामको रकम लागत अनुमान र सम्झौतामा समावेश गरेको तर माटो पुर्ने कार्यको रकम लागत अनुमान र सम्झौतामा समावेश नगरेको अवस्थामा उक्त कार्य सम्पन्न गर्ने दायित्व उपभोक्ता समितिकोनै भएकोले पालिकावाट भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३१,८३१ |

५८ **नविकरणीय उर्जा** (८७-२०८१-३-२३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सम्वन्धित मालसामानको स्पेसिफिकेशन बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनकि निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको बास्तविक लागत, स्थानीय वजारको प्रचलित दरभाउ, उद्योग वाणिज्य संघले जारि गरेको दररेट आदिलाई आधार लिनुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत सोलार सेट खरिद कार्यका लागि विभिन्न फर्मसंग दर रेट माग गरी सोही बमोजिम लागत अनुमान तयार गरी कला ईन्टरप्राइजेज एण्ड अर्डर सप्लायर्सलाई रु. ९,९३,०५०।- भुक्तानी दिएको छ । पालिकाले सोलार खरिदको लागत अनुमान तयार गर्दा ऐनमा भएको व्यवस्थाको पालना नगरी खरिद गरेको र खरिद गरेको सोलार सेट जडान गरेको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । पालिकाले खरिद गरेका सोलार सेट जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९३,०५० |

५९ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फर्स्योट गर्नु पर्ने र नियम ५२(४) मा फर्स्योट गर्न बाँकी पेश्की रकमलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष दिएको निम्नानुसार पेश्की आर्थिक बर्षको अन्त सम्म फछर्यौट हुन बाँकी रहेकोले नियमानुसार फछर्यौट गर्नुपर्ने रु.

| **पेश्की दिएको मिति** | **पेश्की लिएको नाम** | **म्याद नाघेको** |
|---|---|---|
| २०८१।२।२८ | जे.ए.वि.कन्स्ट्रक्सन प्रा.लि. | ७५०००० |
| २०८०।७।२१ | दैलेख आयल ट्रेडर्स | ५००००० |
| **चालु बर्षको जम्मा** | | **१२५०००००** |
| गत बर्षको | सल्लेरी हेल्थ पोष्ट | १५०००० |
| गत बर्षको | शेर वहादुर शाही | १००००० |
| **गत बर्षको जम्मा पेश्की** | | **२५००००** |
| **कूल जम्मा पेश्की** | | **१५०००००** |

| | |
|---|---|
| पेश्की | १२,५०,००० |

६० **गत बर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।सुत्रको विवरण अनुसार पालिकाले यस बर्ष बजेटमा समावेश गरी गत बर्षको भुक्तानी दिन बाँकी रकम रु. ७९,२३,००८।- यस बर्ष भुक्तानी दिएको देखिन्छ ।पालिकाले बहुबर्षिय खरिद सम्झौता बाहेकको साल वसाली रुपमा सम्झौता भएका कार्यको समेत वजेटमा समावेश गरी यस बर्ष भुक्तानी दिएको छ

। पालिकाले बहुवर्षिय ठेक्का सम्झौता बमोजिमको भुक्तानी दिन बाँकी रकम बाहेक अन्य रकम वजेटमा समावेश गरि भुक्तानी दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

६१ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुची १ मा व्यवस्था रहेको छ । उक्त अनुसूचीमा मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले पुँजिगत खर्चतर्फ प्रत्येक योजना तथा ठेक्कामा ४ प्रतिशतको दरले कन्टिन्जेन्सी रकम छुट्याई खर्च गर्ने गरेको देखिएकोमा कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको देखिएन । पालिकाले यस वर्ष रू. ९ करोड ६७ लाख ९० हजार पुँजिगत खर्च गरेकोमा सोको कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकोले के कती कन्टिन्जेन्सी रकम कुन कुन कार्यमा खर्च भएको हो सो सम्वन्धमा थप विश्लेषण गर्न सकिएन । पालिकाले कन्टिन्जेन्सी खर्चको व्यवस्थित अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

६२ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले संघीय शशर्त तर्फबाट आर्थिक वर्षमा पालिकाबाट सोझै मार्फत रु. ११७४००० र गाउँपालिका चालु बाट रु. ५४६१७२ गरी जम्मा रु. १७२०१७२ को औषधि खरिद गरेको छ ।यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छन् ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस बर्ष संघीय शशर्त तर्फबाट रु. ११,७४,०००।- र पालिका चालुबाट रु. ५,४६,१७२।- समेत जम्मा रु. १७,२०,१७२।- को औषधि सोझै खरिद गरेको छ । औषधी खरिद गर्दा खरिद गरिने वा खरिद गरी प्राप्त भएको औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको उल्लेख गर्नुपर्ने, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड भएको हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, नेपाल सरकारबाट निशुल्क वितरण भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ । पालिकाले खरिद गरेका औषधीमा batch number र औषधीको date expire हुने अवधी समेत खुल्दैन जस्ले गर्दा गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ ।तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६३ **सामाजिक सुरक्षा तथा भत्ता वितरण तर्फ**

६३.१ **लगत अद्याबधिक :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।

६३.२ **प्रतिवेदनः** सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २९(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ। पालिकाले सो सम्वन्धी प्रतिवेदन पठाएको पाईएन।तसर्थ नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ।

## ६४ शिक्षातर्फ

६४.१ **IEMIS तथ्याङ्क :** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई दिवाखाजा छात्रवृति एवम् पाठ्यपुस्तक, लगायतका शिर्षकमा निकासा गर्नुपर्ने उल्लेख छ। पालिकाले अनुगमन गरी वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS मा तथ्याकं अद्यावधिक गरी सोही आधारमा निकासा गर्नु पर्नेमा आंशिक रुपमा मात्र तथ्याङ्क भिडान गरेको पाइयो । पालिकाले निकासा गरेको छात्रवृति, दिवा खाजा, पाठ्यपुस्तक, बुक कर्नर, विद्यालय संचालन तथा व्यवस्थापन र अन्य व्यवस्थापन लगायतको विद्यार्थी संख्याको आधारमा निकासा हुने सवै अनुदानहरुको सम्वन्धमा पालिका, शिक्षा शाखा एवं विद्यालयले अनुगमन गरी IEMIS को तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरी निकासा दिनुपर्दछ ।

६४.२ निशुल्क पाठ्यपुस्तकःशिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.2.4.6.1 मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुको लागी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थिको यथार्थ तथ्याङ्क संग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा निशुल्क पाठ्यपुस्तकको रकम निकासा गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस बर्ष ४८ विद्यालयलाई निशुल्क पाठ्यपुस्तक वापत रु. ३४,९८,४७५।- निकासा गरेको छ । तर पालिकाले कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थिको यथार्थ तथ्याङ्क संग सत्यापन गराएको देखिएन जसले गर्दा पालिकाबाट निकासा भएको पाठ्यपुस्तकको रकम सम्वन्धित विद्यार्थिले सदपयोग गरे नगरेको वा यथार्थ भन्दा बढी बिद्यार्थिको रकम भुक्तानी भए नभएको एकिन गर्न सकिएन ।पालिकाले पाठ्यपुस्तक निकासा गरेका विद्यालयहरुको नमुना छनौट गरी लेखापरीक्षण गर्दा श्री कालिका माध्यामिक विद्यालयले पेश गरेको वितरण गरेको भरपाइको परीक्षण गर्दा उक्त विद्यालयलाई २४९ विद्यार्थिको रु. १,७१,०८८।- भुक्तानी दिनुपर्नेमा रु. १,९५,५६९।- भुक्तानी दिएकोले रु. २४,५७१।- बढी भुक्तानी दिएको देखिन्छ ।पालिकाले बढी भुक्तानी दिएको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,५७१ |

६४.३

बढी भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६४.४ **दिवा खाजाः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.७ मा स्थानीय तहले दिवा खाजा बापत प्रतिविद्यार्थी दैनिक रु.१५।- का दरले विद्यालयलाई निकासा गर्ने, उक्त दिवा खाजा व्यवस्थापनका

लागि दिवा खाजाको मेनु तयारी बनाउने एवं खाजाको गुणस्तर सम्बन्धमा स्थानीय तहले अनुगमन गर्नुपर्ने व्यवस्था छ। साथै दोस्रो त्रैमासिक देखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पुरा समय चलेको दिन दिवा खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। पालिकाले अन्तर्गतका ५१ वटा विद्यालयका ३५११ विद्यार्थीलाइ दिवा खाजा व्यवस्थापन वापत रु.७०,५४,२८५।- निकासा गरेको छ। निर्देशिकाले तोके बमोजिमको दिवा खाजाको मेनु तयार एवं यसको गुणस्तर सम्बन्धमा अनुगमन समेत भएको पाइएन।जसले गर्दा कुन गुणस्तरका खाजा खुवाएको हो सो विषयमा एकिन हुन सकेन। अत पालिका भित्रका विद्यालयमा संचालित दिवा खाजा कार्यक्रम प्रभावकारी भए/नभएको सो विषयमा अनुगमन गर्नुपर्दछ।

६४.५ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रमबाट १९७५० थान स्यानिटरी प्याड मुल्य अभिबृद्धि कर समेत रु. ५,२५,३६६।- मा खरिद गरेको छ। IEMIS को तथ्यांक अनुसार पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १४७० जना रहेका छन्। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्ने व्यवस्था गर्नुका साथै आवश्यकताका आधारमा आवश्यक परिमाण मात्र खरिद गर्नुपर्दछ ।

**अनुगमनः** पालिकाले आफ्नो विद्यालयको नियमित रुपमा अनुगमन गर्नुपर्दछ।पालिकाले विद्यालयमा स्यानिटरी प्याडको लागि निकासा दिएको रकमको खरिद भएको स्यानीटरी प्याड कति वितरण भयो, के कति मात्रामा मौज्जाद रहेको छ सो विषयमा विद्यायलयले अनुगमन गरी गरेको प्रतिवेदन प्राप्त नभएकाले सो विषयमा एकिन हुन सकेन।सेनिटरी प्याड कार्यविधि बमोजिम यसको गुणस्तर पर्याप्त भए नभएको, सुरक्षित तवरवाट भण्डारण भए नभएको, छात्राहरुको आवश्यकता अनुसार वितरण भए / नभएको ,महिनावारी स्वास्थ्य र किशोरी स्वास्थ्यका विषयमा छात्राहरुलाई जानकारी दिए नदिएको, कुनै प्रष्ट आधार भएको देखिदैन । साथै लेखापरीक्षणको क्रममा एकमुष्ठ विवरण मात्र पालिकामा पेश भएको हुदा कुन विद्यालयमा के कति मात्रामा प्याड खरिद भएको भएको हो त्यसको त्यसको भरपाई, जिन्सी दाखिला र वितरण भएका प्याड प्रयोगको अवस्था के कस्तो रहेको छ सो सम्बन्धमा अनुगमन समितिको प्रतिवेदन समावेश भएको छैन।अत: सेनिटरी प्याड कार्यविधि वितरण तथा व्यवस्थापनमा भए बमोजिम कार्य गर्नु पर्दछ ।

६४.६ (१३५-२०८१-१-११):

**प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सामग्री अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्रीको लागि बालविकास अनुदान, बालबालिका पोटपोलियो, (कक्षा १-५, कक्षा ६-८, कक्षा ९-१०, कक्षा ११-१२ सम्मका) विद्यार्थी को रकम विद्यालयको खातामा निकासा गर्ने र विद्यालयले उक्त रकम शिक्षण सिकाई सामाग्रीमा खर्च गरेको नगरेको स्थानीय तहले अनुगमन गर्ने व्यवस्था रहेको छ । पालिकाले ४९ वटा आधारभुत विद्यालयल र ११ वटा माध्यामिक विद्यालयलाइ गरी जम्मा रु.१२,९३,१५०।- निकासा गरेको छ । उक्त रकम शिक्षण सिकाई सामग्रीमा खरिद भएका विल भर्पाइ तथा जिन्सी दाखिला पेश नभएको हुदा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरि प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र.स. | कार्यक्रम | अनुदान रकम |
|---|---|---|
| १ | बालविकास अनुदान | २९२००० |
| २ | बुक कर्नर 1-5 | १००११५० |
| ३ | शिक्षण सामग्री व्यवस्थापन (6-8) | |
| ४ | शिक्षण सामग्री व्यवस्थापन (9-10) | |
| ५ | शिक्षण सामग्री व्यवस्थापन (11-12) | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९३,१५० |

६४.७ (१३३-२०८१-१-११):

**विल भर्पाइ बेगरको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम लेखा राख्दा विल भरपाइ सहित राख्नुपर्ने उल्लेख छ । पालिकाले संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रमबाट भैरव मा.वि. नौमुलेको प्राविधिक धार विद्यालयका लागी ल्याब सामाग्री अनुदानको वापत रु. २,००,०००।- भुक्तानीमा दिएकोमा सोको विल भर्पाइ तथा जिन्सी दाखिला प्रतिवेदन पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

६४.८ **विद्यालय लेखापरीक्षणः** सबै सरकारी निकायले आर्थिक वर्षको समाप्ती पश्चात् लेखापरीक्षण गराउनुपर्दछ।पालिकाले उपलब्ध गराएको विवरणअनुसार आर्थिक वर्ष २०८०/८१ मा पालिकामा रहेका ५० वटा सामुदायीक विद्यालयको लेखापरीक्षणको लागी रु. ५,२५,०००।- उपलब्ध गराएकोमा कुनै पनि विद्यालयको लेखापरीक्षण सम्पन्न गराएका छैनन्। वित्तीय अनुशासन कायम गर्न गराउन विद्यालयहरुको लेखापरीक्षण अनिवार्य गराउनु पर्दछ। निकासा भएको विद्यालयको लेखापरीक्षण प्रतिबेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२५,००० |

६५ **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका भित्र ८ वडामा गोरेटो बाटो निर्माण, विद्यालयको फिल्ड निर्माण लगायतका १८ योजना सञ्चालन गरी यस वर्ष १०२ जनालाई रोजगारी उपलव्ध गराई रु. ६१,४५,४८४।- खर्च गरेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन नसकेकोले योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ साथै उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिदैन । यसमा सुधार हुनुपर्दछ ।

६६ **मुख्यमन्त्री रोजगार कार्यक्रमः**

कर्णाली प्रदेश मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा ८ वटा योजना सञ्चालनमा रु.१,१९,८९,३०२।- भुक्तानी गरी ११० जनाले रोजगारी प्राप्त गरेका छन । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

६६.१ **औजार तथा सुरक्षा सामाग्रीको प्रयोग :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले

संचालन गरेको निम्नानुसारका योजनाको भुक्तानीमा उपभोक्ता समितिलाइ औजार तथा सुरक्षा सामाग्री वापत रकम भुक्तानी गरेको भएतापनी उक्त भुक्तानी भएको रकमको विल भरपाइ पेश नभएकोले खरिद भएको प्रमाण पेश गर्नुपर्ने रु.

| उपभोक्ता समितको नाम | औजारको रकम | सुरक्षा सामाग्रीको रकम | जम्मा रकम |
|---|---|---|---|
| महावै आ.वि. भवन निर्माण | ३०००० | १५००० | ४५००० |
| खनियाघारी सिचाइकुलो निर्माण | ३०००० | १५००० | ४५००० |
| वडा कार्यालय तथा स्वा.चौ. घेरवार | ३०००० | १५००० | ४५००० |
| जम्मा | | | १३५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३५,००० |

६६.२ **सार्वजनिक लेखापरीक्षणः**मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यान्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

६६.३ **जिन्सी सामग्रीः** मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुमा प्रयोग भएका जिन्सी मालसामानहरु आयोजना समाप्ति पश्चात पालिकामा दाखिला गर्नुपर्दछ । पालिका अन्तर्गत सञ्चालित केहि आयोजनाको परीक्षण गर्दा आयोजनामा प्रयोग भएका जिन्सी सामग्रि पालिकामा दाखिला भएको देखिदैन । तसर्थ आयोजनाको समाप्ति पश्चात प्रयोग भएका जिन्सी मालसामान पालिकामा दाखिला गर्नुपर्दछ ।

६६.४ **आयोजनाको अनुगमनः** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ बमोजिम आयोजनाको कम्तिमा दुई पटक अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकामा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको दुई पटक अनुगमन भएको छैन । कार्यविधिले तोके बमोजिम कम्तिमा दुई पटक अनुगमन गर्नुपर्दछ ।

६६.५ **श्रम र सामाग्रीको अनुपातः** कर्णाली प्रदेश मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ को अनुसुची ५ मा कार्यक्रमको लागी आवश्यक श्रम तथा सामाग्रीको अनुपात उल्लेख गरेको छ । पालिकाले अनुसुचीमा भएको व्यवस्था अनुसार निम्नानुसारका योजनामा सामाग्रिमा तोकीएको अनुपात भन्दा बढी रकम सामाग्रिमा भुक्तानी गरी पारिश्रमिकमा कम भुक्तानी गरेको देखियो । तोकिएको अनुपात नभ्दा बढी रकम समाग्रिमा खर्च लेखेको नियमम्मत नदेखिएको रु.

| उपभोक्ता समितिको नाम | जम्मा भुक्तानी रकम रु. | सामाग्रि प्रतिशत | भुक्तानी भएको सामाग्रीको मुल्य | भुक्तानी हुनुपर्ने सामाग्रीको मुल्य | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ढाडगाउँ सिचाइ कुलो निर्माण उ.स. | १४२४९१३ | ४० | ७७७३०९ | ५६९९६५ | २०७३४४ |
| खनियाघारी सिचाइकुलो निर्माण | १३८५०३० | ४० | ७३८८३० | ५५२०१२ | १८६८१८ |
| महावै आ.वि. भवन निर्माण | १३७६६१५ | ५० | ९४६८८० | ६८८३०७ | २५८५७३ |
| **जम्मा** | | | | | **६५२७३५** |

| | |
|---|---|
| अनियमित भएको | ६,५२,७३५ |

६७ **आन्तरिक लेखापरीक्षणको व्यहोराहरु**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२)मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाको आन्तरिक लेखापरीक्षणबाट देखिएका देहाय बमोजिम व्यहोरा फस्र्योट नभएकोले उक्त बेरुजू असुल फस्र्योट गर्नुपर्दछ ।

६७.१ **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन, संचालन,व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको मकानून बमोजिम हुने व्यवस्था छ।त्यस्तै, अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र विदाको दिन काम गर्दा अर्थ मन्त्रालयकबाट नर्म्स स्वीकृत गराएर मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था छ।पालिकाले प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशन गरेर मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्नेमा सो नगरी निम्नानुसारका कर्मचारीलाई मासिक तलवको ५० प्रतिशतले हुने प्रोत्साहन भत्ता भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| **क्र.सं.** | **नाम र थर** | **मासिक प्रोत्साहन** | **जम्मा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | प्र.प्र.अ. रेशम बुढा | २१८४४ | ४३६८९ | २ महिना |
| २ | धर्मराज बुढा | २१८४४ | ८७३७६ | ४ महिना |
| ३ | लेखापाल कविराज जैसी | १७३६५ | २०८३८० | १२ महिना |
| ४ | कृष्ण बहादुर खत्री | १०९२२ | ५४६११ | ५ महिना |
| ५ | भुपेन्द्र शाही | २१८४४ | २१८४४ | १ महिना |
| ६ | भक्त बहादुर मल्ल | २१८४४ | १०९२२२ | ५ महिना |
| **जम्मा** | | | **५२५१२२** | |

| | |
|---|---|
| अनियमित भएको | ५,२५,१२२ |

६७.२ **असुल गर्नुपर्ने बेरुजू :** लेखापरीक्षण प्रतिवेदनमा उलेल्ख भएको अनुसुचीमा संलग्न विवरण बमोजिमको रकम असुल गर्नुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ६७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०३,९६० |

६७.३ **प्रमाण पेश गर्नुपर्ने बेरुजू :** लेखापरीक्षण प्रतिवेदनमा उलेल्ख भएको अनुसुचीमा संलग्न विवरण बमोजिमको प्रमाण गर्नुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ६७.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९३,५६० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : नौमुले गाउँपालिका, दैलेख , नौमुले गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दमन दाहाल | २०८१-६-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कबिराज जैसी | २०७५-८-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,०५१,९२५ | १९,८९५,५९७ | ३३,७४३,०१६ | ० | ० | ५,१५०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६०,८४०,५३८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४९,६०० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६०,७९०,९३८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६२५९३७७५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१६९२०५२२ | चालु खर्च | ३५२८९८५१८ |
| प्रदेश सरकारबाट अनुदान | ३३४६८७३० | पूँजीगत खर्च | ९६७९००२० |
| राजश्व बाँडफाँट | ८०७४८९७७ | वित्तीय/अन्य व्यवस्था | १३६२७८८६३ |
| आन्तरिक आय | २६५०८९०.० | | |
| अन्य आय | १४१९२४५८१ | | |
| कुल आय | ५७५७१३७०० | कुल खर्च | ५८५९६७४०१ |
| बाँकी मौज्दात | | ५२३४००७४ | |

## बेरूजु दफा ६७.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| गो.भौ.नैं. र मिति | व्यहोरा | रकम |
|---|---|---|
| ६६।०८०।७।२० | न्यायिक समितिको कार्यक्रम संचालक शेर बहादुर शाहीको नाममा बैठक भत्ता वापत रु.७३,१००।- भुक्तानी भएकोमा रु.६४,५००।- भत्ता बुझेको भरपाई पेश नगरी भत्ता वितरण गरेकोले भत्ता वितरणको भरपाई पेश हुनुपर्ने अन्यथा असल हुनुपर्ने रु. | ६४५०० |
| ६६।०८०।७।२० | शिक्षा समितिको कार्यक्रम संचालक देवेन्द्र बहादुर कठायतको नाममा पुरानो आ.व.का विल भरपाई पेश गरी रु.२५,५००।- भुक्तानी भएको छ।यसरी गतवर्षको विलको आधारमा भुक्तानी दिन नमिल्ने भएकोले सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु. | २५५०० |
| २६६।०८१।१।११ | वडास्तरीय हाजरीजवाफ प्रतियोगिता कार्यक्रम मार्फत श्री टंक प्रसाद शर्मालाई रु.४०,०००।- भुक्तानी भएकोमा श्रेस्ता परीक्षण गर्दा विल रु.३६,५४०।- मात्र पेश भएकोले नपुग रकम असुल गर्नुपर्ने रु. | ३४६० |
| ३५१।०८१।२।१७ | परीक्षा संचालन खर्च वापत जगत बहादुर सिंहको नाममा रु.२,६१,०००- भुक्तानी भएको छ जसमा बैठक भत्ता बुझिलिनेको भरपाई संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्ने र कर्मचारीहरुको हाजरी परीक्षण गर्दा उक्त बैठक मितिमा कार्यक्रममा अनुपस्थित देखिएकोले देहाय बमोजिमको सम्बन्धित कर्मचारबाट असुल गर्नुपर्ने रु. | १०५०० |
| जम्मा | | **१०३९६०** |

| कर्मचारीको नाम थर | बैठक संख्या | रकम |
|---|---|---|
| दिने कुमार न्यौपाने | २ | ३००० |
| विवेक रेग्मी | १ | १५०० |
| जगत बहादुर सिंह | १ | १५०० |
| बैधनाथ प्रसाद यादव | ३ | ४५०० |
| **जम्मा** | | **१०५००** |

## बेरूजु दफा ६७.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| गो.भौ.नं. र मिति | व्यहोरा | रकम |
|---|---|---|
| ८।०८१।३।२१ | सार्वजनिक खरिद ऐन तथा नियमावलि अनुसार सामान खरिद गर्दा सम्बन्धित पार्टीलाई भुक्तानी दिनुपर्नेमा दिनेश कुमार न्यौपानेको नाममा रु.१,८५,४४०-० भुक्तानी भएकोले सामान खरिदको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु. | १८५५४० |
| ४४९।०८१।३।९ | क्षयरोगमुक्त नेपाल घोषणा अभियान कार्यक्रम संचालनको लागि कर्मचारी नियुक्ति प्रक्रिया खर्च वापत रु.८८,५००।- भुक्तानी भएको छ तर उक्त रकम बुझिलिनेको भरपाई संलग्न नभएकाले भरपाई पेश गर्नुपर्ने रु. | ८८५०० |
| ४४७।०८१।३।९ | आवधिक योजना निर्माण तथा मध्यकालिन खर्च संरचना तयार गोष्ठीमा खर्च वापत जगत बहादुर सिंहको नाममा रु.२,९९,५१०।- भुक्तानी भएको छ।जहाँ गोष्ठीमा सहभागी पदाधिकारी तथा जनप्रतिनिहरुलाई यातायात खर्च रु.१४,०००।- बुझाएको भरपाई र स्वयंसेवक गणकहरुका लागि घरधुरी तथ्यांक तथा संलग्न सम्बन्धि अभिमुखिकरण कार्यक्रममा सहभागीहरुले भत्ता बुझेको भरपाई नभएकोले प्रमाण पेश गर्नुपर्ने रु. | २९९५२० |
| | वडा नं २ वडा सचिव टंक प्रसाद शर्माको नाममा खाजा नास्ता वापत रु.२,५०,०००।- भुक्तानी भएको छ।जहाँ कुन प्रयोजनको लागि खाजा नास्ता प्रयोग भएको हो सोको विवरण खुल्ने गरी प्रमाण पेश गर्नुपर्ने रु. | २५०००० |
| ३०५।०८१।१।२३ | सवारी भाडामा लिएको भनेर रणबहादुर सुनारको नाममा रु.४०,०००।- भुक्तानी गरिएको छ। उक्त सवारी कुन प्रयोजनका लागि भाडामा लगियो, कुन कुन स्थानमा प्रयोग भयो, प्रयोगकर्ताहरु को को थिए उनीहरुको हस्ताक्षर सहित लगबुक भररे मात्रै सवारी भाडा भुक्तानी गर्नुपर्ने हुन्छ।उक्त कुरा नखुलाएकाले सवारी भाडामा लिनुको औचित्य पुष्टि गरी अपुग कागजात संलग्न गरी नियमित गर्नुपर्ने रु. | ४०००० |
| २१२।०८०।१२।०८ | सवारी भाडामा लिएको भनेर नरबहादुर रावतको नाममा रु.३०,०००।- भुक्तानी गरिएको छ।उक्त सवारी कुन प्रयोजनका लागि भाडामा लागियो, कुनकुन स्थानमा प्रयोग भयो, प्रयोगकर्ताहरु को को थिए उनीहरुको हस्ताक्षर सहितको लगबुक भरेर मात्रै सवारी भाडा भुक्तानी गर्नुपर्ने हुन्छ। उक्त कुरा नखुलाएकाले सवारी भाडामा लिनुको औचित्य पुष्टि गरी अपुग कागजात संलग्न गरी नियमित गर्नुपर्ने रु. | ३०००० |
| **जम्मा** | | **८९३५५०** |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।